# क्षमता विकास योजना




# पुतलीबजार नगरपालिका

पर्याप्त स्वायत्तता (व्यवस्थापिका, कार्यकारी र न्यायपालिका कार्यका लागि), र अधिकारहरूको सुनिश्चितता गरेकोछ । जसले गर्दा स्थानीय

तहहरूबाट गुणस्तरीय सेवाहरूको वितरण, अर्थपूर्ण र समावेशी सहभागिता, प्रभावकारी उत्तरदायित्व र पारदर्शिता, र न्यायिक अभ्यासको कार्य स्थानीय स्तरमा संस्थागत गर्ने प्रयास भइरहेको छ । साथै, स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत स्थानीय शासन प्रणालीलाई संस्थागत बनाउन र सेवा प्रबाहमा प्रभावकारिता ल्याउन स्थानीय सरकारहरूलाई मार्गदर्शन गरेकोछ ।

सङ्घीय ब्यबस्थालाई स्थानीयकरण गर्न र स्थानीय सरकारहरूको समावेशी सेवाका प्रावधानहरूलाई थप सुदृढ गर्न स्थानीय सरकारहरूको संस्थागत क्षमताको स्वमूल्यांकन र बिश्लेशणका आधारमा कार्ययोजना तयार पारी सोको कार्यान्वयन गर्ने कार्यमा सघाउन स्थानीय सरकारको क्षमता अभिवृद्धि लागि विषयगत क्षेत्रहरूको पहिचान गरिएकोछ । जसअनुसार: शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन् , सहकार्य र समन्वय रहेकाछन् । यसरी पहिचान गरिएका विषयगत क्षेत्रहरूका १०० वटा सूचकहरू तय गरी नगरपालिकाहरूको क्षमता विकास योजना विश्लेषण गरिएकोछ । यसरी तथ्याङ्क संकलन र विश्लेषण गर्दा यस नगरपालिकाका जनप्रतिनिधीहरू प्रमुख प्रशासकिय अधिकृत, शाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरुको सामुहिक उपस्थिति र अर्थपूर्ण सहभागिता रहेको थियो ।

संस्थागत क्षमता विकासको विश्लेषणबाट प्राप्त अकंभारका आधारमा यस नगरपालिका समग्र क्षमता " उत्कृष्ट " अवस्था अन्तर्गत (८७.८२%) रहेको पाइयो । बिषयगत क्षेत्रहरूको बेग्लाबेग्लै क्षमता बिश्लेषण गर्दा वित्तिय तथा आर्थिक व्यवस्थापन (९३.८२%), सेवा प्रवाह (९३.६७%), न्यायिक कार्यसम्पादन (९९.९९%), भौतिक पूर्वाधार (८२.७९%), सामाजिक समावेशिकरण (८९.८३%), वातावरण संरक्षण तथा विपद व्यवस्थापन (८१.६६%), र सहकार्य र समन्वय (१००%) "उत्कृष्ठ अवस्था अन्तर्गत रहेको पाईयो । त्यस्तै, शासकिय प्रवन्ध (६०.४३%), वार्षिक बजेट तथा योजना व्यवस्थापन (७७.९४%) "राम्रो" अवस्था अन्तर्गत रहेको पाईयो ।

नगरपालिकाले गरेको अपेक्षित अबस्था र र प्राप्ताङ्क बीचमा फराकिलो भिन्नता (१२.१९%) को अबस्थालाई हेर्दा त्यति ठुलो भिन्नता रहेको देखिएन । तथापि, शासकिय प्रवन्ध (३९.६ %), वार्षिक बजेट तथा योजना व्यवस्थापन (२२.०६%) रहेका छन । अन्य क्षेत्रहरूमा त्यति ठुलो भिन्नता देखिदैन । क्षमता विकासका दृष्टिकोणले ठुलो भिन्नता भएका क्षेत्रहरूमा रहेको फराकिलो भिन्नता (Gap) लाई घटाउनका लागि नगरपालिकाले संस्थागत सबलीकरणमा ध्यान दिन जरूरी छ । यसले नागरिकमा सुशासन र विकासको अनुभुती गराउन सहयोग पुर्याउंछ । यसका अलावा, असल कार्यको अनुसरण गर्दा जस्तैः दक्ष कर्मचारीको अभाव, नियम कानुनको अभाव, सिकाइकै रुपमा रहेका जनप्रतिनिधिहरू र सीमित स्रोत साधनका वावजुद पनि स्थानीय कानुन निर्माण, योजना तर्जुमा, पूर्वाधार विकास, क्षमता विकास, राजश्व संकलन तथा वजेट निर्माण, न्याय सम्पादन, सेवा प्रवाह, पारदर्शिता तथा सुशासन, सूचनाको प्रविधिको प्रयोगमा गरिएका पहलहरु उल्लेंखनिय छन । यस सम्बन्धी रणनैतिक कार्ययोजना तयार पारी सिफारिश गरिएकोछ, जसको नगरपालिकाबाट यथाशिघ्र सम्बोधन हुनेछ ।

**बिषय सूची**


भाग—१: क्षमता विकास योजनाको परिचय ..... 4

१.१ पृष्ठभूमी ..... 4

१.२ क्षमता विकास योजनाका उद्देश्यहरू ..... 4

१.३ क्षमता विकास योजनाको औचित्य ..... 4

१.४ क्षमता विकास योजनाको तयारीका नीतिगत तथा कानुनि आधारहरु ..... 5

१.५ क्षमता विकास योजनाको कार्यक्षेत्र ..... 5

१.६ योजना तर्जुमाका अपेक्षित नतिजाहरू ..... 6

१.७ योजना तर्जुमाका सिमाहरू ..... 6

भाग—२ : नगरपालिकाको क्षमता विकास योजना विश्लेषण र तर्जुमाका विधिहरू ..... 6

२.१ क्षमता विकास योजना विश्लेषण र तर्जुमाका विधिहरू ..... 6

२.२ अध्ययन क्षेत्र ..... 7

२.४ तथ्यांक विश्लेषण तथा नतिजा प्रस्तुती ..... 8

२.५ अनुशरण ..... 8

२.६ संघ, प्रदेश र नगरपालिकाको क्षमता विकास योजनाहरुको अन्तरसम्बन्ध ..... 8

भाग - ३: नगरपालिकाको क्षमता विकास योजनाको प्रतिफल तथा निचोड ..... 9

३.१ नगरपालिकाको वर्तमान सांगठनिक अवस्था ..... 9

३.२ क्षमता विकास योजना विश्लेषणको भूमिका ..... 10

३.३ परामर्श बैठकका उपलब्धीहरु ..... 10

३.४ सबल पक्ष, सुधार गर्नुपर्ने क्षेत्र, अवसर र चुनौतिको विश्लेषण ..... 12

३.५ नगरपालिकाको संस्थागत क्षमता विश्लेषणको अवस्था ..... 17

३.७ क्षमता बिकास सम्बन्धी संचालित गतिबिधिहरु ..... 23

३.८ संस्थागत क्षमता विकास रणनीतिक कार्ययोजना ..... 23

३.९ क्षमता विकासका रणनीतिहरू ..... 36

३.१० क्षमता विकास योजनाको कार्यान्वयनका सिद्धान्तहरु ..... 36

३.११ क्षमता विकास योजनाको अनुगमन तथा मूल्याङ्कन ..... 36

३.१२ सुझावहरू ..... 37

भाग—४. निश्कर्ष र सुझाव ..... 38

४. १ निश्कर्ष ..... 38

अनुसूची विबरणहरू ..... 40

## भाग—१: क्षमता विकास योजनाको परिचय

### १.१ पृष्ठभूमी

नेपालको संविधान २०७२ अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौरतरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ । मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ, स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ ।

संविधान अनुसार स्थानीय सरकारहरु नागरिकाको धरदैलोका सरकारी निकाय हुन जसलाई संविधानले विधायिकी, कार्यकारी र न्यायिक अधिकारहरु प्रदान गरेको छ । यिनिहरु संस्थागत रुपमा स्थापित सरकार भएर मात्र पुग्दैन । यिनिहरुले प्रजातान्त्रिक मूल्य र मान्यता स्थापित गर्दै नागरिकको जीवनस्तर सुधारका लागि सुशासन सहित विकास र सेवा प्रवाहको वातावरण तयार गरि सबैले महशुस गर्ने गरी विकास सेवा प्रवाहको वातावरण तयार गरि सबैले महशुस गर्नेगरी विकास र समृद्धि अगाडी बढ्नुपर्ने हुन्छ । यसको अन्तर्यमा विभेदविना सबै नागरिकप्रति जवाफदेही हुने लोकतन्त्रलाई संस्थागत गर्ने, शासन प्रणालीलाई जनताको तल्लो तहसम्म पुऱ्याउने र विकासलाई जनता उन्मुख र जनउत्तरदायी बनाउने अभिप्राय हो । यसलाई थप ब्यबस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका धेरै कानुनी संरचनाहरूको आधार तयार गरिएकोछ । जस्ले गर्दा स्थानीय स्तरमा गुणस्तरीय सेवा सुविधाहरु व्यवस्थित, जनउत्तरदायी र प्रभावकारी तरीकाबाट प्रवाह हुने अपेक्षा गरिएकोछ । यसैलाई मध्यनजर गरी सरकारले स्थानीय तहको क्षमता विकास सुरु गर्ने रणनीति तयार पार्यो । यद्धपी, क्षमता विकास एक लामो प्रक्रिया हो जसद्वारा व्यक्ति, संस्था, संगठन र समाजले कार्यहरू संचालन गर्न, समस्या समाधान गर्नका साथै लक्ष्यहरू प्राप्त गर्न र क्षमताहरू विकास गर्न सक्षम बनाउंछ ।

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारहरूको व्यवस्था गर्नुका साथै खर्चको जिम्मेवारी र राजस्वका स्रोतहरू समेत प्रदान गरेको छ । यस्ता अधिकारहरू उपलब्ध भए पनि स्थानीय तहहरूको कार्यक्षमता मध्यम र कमजोर देखिन्छ । विशेष गरी सेवा पुऱ्याउने, योजना बनाउने, अनुगमन गर्ने र शासन प्रणालीको काम गर्ने सम्बन्धी नीतिगत उल्लेखनीय छन् । नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई जनउत्तरदायी, सहज र प्रभावकारी बनाउनमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरुको ठुलो भूमिका रहेको हुन्छ । यसकालागि हरेक स्थानीय तहहरूले आफ्नो कार्यसम्पादनको अवस्थाको पहिचान गर्न जरूरी हुन्छ । स्थानीय तह स्वायत्त भएकोले आफ्नो क्षमताको मूल्याँकन आफ्नै नेतृत्वमा गर्न सक्छन् ।

उपरोक्त बिषयलाई मध्यनजर गरी स्थानीय तहका कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरुको क्षमता विकास र कार्य संम्पादनमा सुधार लगायतका संस्थागत सुधारका लागि पुतलीवजार नगरपालिकाको ३ वर्षे क्षमता विकास योजना तयार गर्न लागिएको हो ।

### १.२ संस्थागत क्षमता विकास योजनाका उद्देश्यहरू

- पुतलीवजार नगरपालिकाले संविधान र प्रचिलत कानुनहरूबाट प्राप्त अधिकार अनुरुप उत्तरदायीपूर्ण ढङ्गवाट कार्य सम्पादनका लागि आफ्ना सवल एवं कमजोर पक्षको पहिचान गर्ने ।
- पुतलीवजार नगरपालिकाको वित्तिय साधनहरूको उपयोग मितब्ययी एवं दक्षतापूर्ण रूपमा गर्न रणनीतिगत कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।
- पुतलीवजार नगरपालिकाको संस्थागत विकासका लागि लगानी गर्नुपर्ने क्षेत्रहरूको पहिचान गर्ने ।
- पुतलीवजार नगरपालिकाले गरेका राम्रा अभ्यास, प्रयास, सिकाई र उपलब्धिहरूलाई उजागर गर्दै प्रतिस्प्रधी नगरपालिकाको स्थापनामा सघाउ पुर्याउने ।

### १.३ क्षमता विकास योजनाको औचित्य

नगरपालिकामा पारदर्शी, समावेशी, जवाफदेही ,जनउत्तरदायी शासनको प्रवर्द्धन र स्थानीयस्तरमा सेवा प्रवाहलाइ सुदृढ गर्न जरूरी छ । जसका लागि नगरपालिकाका सेवा प्रवाह तथा विकास कार्यमा प्रत्यक्ष रुपमा संलग्न कार्यरत जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासमा जोड दिन आवश्यक छ । यसर्थ, हाल कार्यान्वयनमा आइरहको रणनीति र कार्यक्रमहरुको समीक्षा गरी परिष्कृत रणनीति, कार्यक्रम तथा प्रक्रिया र योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु यस क्षमता विकास कार्यक्रमको मूल औचित्य रहेको छ । हाल पुतलीवजार नगरपालिकाले स्थानीय विकास, सेवा प्रवाह र सुशासनका लागि सञ्चालित तथा सञ्चालनमा रहको कार्यक्रमहरुबाट क्षमता विकासका लागि राम्रा प्रयासहरु गरेको तर त्यसको अपेक्षित उपलब्धि पुर्ण रुपमा प्राप्त नभएको स्थिति देखिन्छ । यसका साथै स्थानीय तहमा वित्तिय अनुदानको परिमाण बढ्दै गएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगद्वारा र स्थानीय तह संस्थागत क्षमता विकास स्वमुल्याङ्कनले पनि नगरपालिकाको प्रभावकारी कार्य सम्पादन मापनका आधारमा स्थानीय तहहरुलाई अनुदान दिने व्यवस्था गरेको अवस्थामा स्थानीय तहहरुको क्षमता विकासमा जोड दिन अति आवश्यक देखिएको छ । अत: यस क्षमता विकास योजनाको बिशिष्ट रूपमा औचित्यहरू देहाय वमोजिम तय गरिएकोछ ।

- संविधान प्रदत्त अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको,
- स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व रहेको,
- विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी स्थानीय सरकारको संस्थागत क्षमता विकास गर्न आवश्यक रहेको,
- आपूर्तिका साथै मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको ।

### १.४ क्षमता विकास योजनाका नीतिगत तथा कानुनी आधारहरु

यो क्षमता विकास योजना तयार गर्दा नेपालको संविधानमा उल्लेखित मौलिक हक र कर्तव्य, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय सरकारहरुका एकल र साझा अधिकारहरुको उपयोग गर्नुपर्ने कुराहरुलाई मध्यनजर गरिएको छ । क्षमता विकास योजना तयारीका क्रममा नेपालको संविधानले अंगिकार गरेका धाराहरु भाग ३ मौलिक हक र कर्तव्य सम्बन्धि समानताको हक (धारा १८), सम्पत्तिको हक (धारा २५), सूचनाको हक (धारा २७), शिक्षा सम्बन्धी हक (धारा ३१), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४) स्वास्थ्य सम्बन्धी हक (धारा ३५), खाद्य सम्बन्धी हक (धारा ३६), आवासको हक (धारा ३७), महिलाको हक (धारा ३८), बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०) जेष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्ययको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) र उपभोक्ताको हक (धारा ४४) लाई यथेष्ट ध्यान दिईएको छ । किन भने स्थानीय सरकारहरु प्रत्यक्ष वा परोक्ष रुपमा यी जनसरोकारका विषयहरु र यसका सेवा प्रवाहमा जोडिएका हुन्छन ।

त्यसैगरी भाग ४ राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी धारा ५० अनुसारका सिद्धान्तहरु र धारा ५१ विकास सम्बन्धी नीति, प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धी नीति, नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति, श्रम र रोगार सम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, न्याय र दण्ड सम्बन्धी नीति, पर्यटन सम्बन्धी नीति र अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिका समेतलाई ध्यानमा राखिएको छ । त्यसै गरी स्थानीय सरकार संचालन ऐनको दफा १०२ को २ मा उल्लेख भए बमोजिम स्थानीय सरकारले आफूलाई आवश्यक पर्ने ऐन तथा नीति नियम बनाउँनु पर्ने सन्दर्भलाई पनि ख्याल गरिएको छ ।

### १.५ क्षमता विकास योजनाको कार्यक्षेत्र

नगरपालिकाको शासन प्रणालीको सुदृढीकरण र स्थानीय सरकारको सेवा प्रवाहको दक्षता सुधार गर्न आवश्यक देखिएको तथापि, यसलाई ब्यवस्थित र एकरूता कायम गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा अन्य निकायहरूबाट स्थानीय सरकार संस्थागत स्वमूल्यांकन (लिसा) सम्बन्धी औजारको विकास त गरिएको तर यसलाई नै क्षमता विकास बिश्लेषण र योजना तर्जुमाको औजारका रूपमा संस्थागत नगरिएको अवस्थामा स्वतन्त्र विज्ञका हिसाबले केही औजारहरू बनाई तेसैका आधारमा नगरपालिकाको क्षमता विश्लेषण गरिएकोछ । यस प्रकृयाले स्थानीय सरकारलाई समग्र रूपमा आफ्नो कार्य जिम्मेवारी बुझ्न र उनीहरूको आफ्नै कार्यसम्पादनमा थप प्रभावकारिता ल्याउन तथा क्षमता फरक वा कमजोर रहेको अवस्थामा क्षमता अभिबृद्धिका कार्यक्रमहरूको कार्यान्वयन आफ्नै प्रयासमा गर्नका साथै संघीय र प्रदेश सरकारलाई समेत स्थानीय तहहरूको यस प्रयासमा नजिक ल्याउन सहयोग पुर्याउंछ । यसका अलावा, नगरपालिकाको अवसर तथा चूनौतिहरूको पहिचान गर्न समेत सहयोग पुग्दछ । यसका लागि नगरपालिकामा व्यवस्थित रूपमा क्षमता विकास सम्बन्धी योजना बनाउने र

कमजोर क्षमता भएका खाली ठाउँहरू पहिचान गरी सोको सम्बोधन गर्ने, विकास परियोजनाहरुको प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, सेवाहरुमा नागरिकको पहुंचमा बृद्धि गर्ने र यसका लागि आवश्यक स्रोतको ब्यबस्था समेत गर्ने रणनीतिको तर्जुमा गरिएकोछ ।

### १.६ क्षमता विकास योजना तर्जुमाका अपेक्षित नतिजाहरू

- स्थानीय तहमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुको समग्र क्षमता अभिवृद्धिका लागि विस्तृत कार्ययोजना तयार पारी कार्यान्वयनका लागि ठोस नीति तयार भएको हुनेछ ।
- नगरपालिकाको समग्र संस्थागत क्षमता विकासका लागि SWOT विश्लेषण भई प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक सुधारका क्षेत्रहरूको पहिचान भई ठोस कार्य योजना तयार हुनेछ ।
- नगरपालिकाको क्षमता विकास योजना तर्जुमा भई सोको कार्यान्वयनबाट नगरपालिका तथा सहयोगी निकायहरुको कार्यसम्पादन स्तरमा सुधार भएको हुनेछ ।
- क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा साधनहरुको एकीन भई सोको परिपूर्तिका लागि सरोकारवालहरुलाई मार्ग दर्शन प्राप्त भएको हुनेछ ।
- स्थानीय विकास प्रक्रिया, सेवा एवं सुविधामा अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय र पिछडिएको तथा आर्थिक रुपले विपन्न वर्गको पहुँच वृद्धि गर्न सहयोग पुग्नेछ ।

### १.७ क्षमता विकास योजना तर्जुमाका सिमाहरू

नगरपालिकाको समग्र क्षमता विकास योजना तर्जुमा जस्तो गहन क्षेत्रको अध्ययनबाट अपेक्षा गरिए अनुसारका नतीजा प्राप्त गर्न विभिन्न चरणमा भौतिक, वित्तीय एवं जनशक्तिका सीमितताबाट यो क्षमता विकास योजना पनि अछुतो रहेको छैन । नगरपालिकाको क्षमता विकास सम्वन्धी योजना तयारीका क्रममा रहेका प्रमुख सिमाहरु निम्न अनुसार रहेको छ ।

(क) क्षमता विकास योजना नगरपालिकामा कार्यरत जनप्रतिनिधि, कर्मचारी, विषयगत शाखा, सङ्घ-संस्थासँगको छलफल र अन्तरकृयाबाट तयार पारिएकोले समूहगत चासोले प्रभाव पारेको हुन सक्ने र सवै सेवाग्राहीको भावना नसमेटिएको हुन सक्छ ।

(ख) विद्यमान स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरपालिकाका अन्य ऐन, नियम, कार्यविधि र स्थानीय तह सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेशका आधारमा तयार गरिएको तर कतिपय कानूनहरु नयाँ बन्ने क्रममा पनि रहको हुँदा अन्य धेरैमहत्वपूर्ण विषय छुटेका हनु सक्छन् ।

(ग) नगरपालिकाको क्षमता विकास योजनालाई कार्यान्वयन गर्न सङ्घ, प्रदेश एवम् विकास साझेदारबाट आर्थिक, प्राविधिक सहयोगको अपेक्षा गरिएको छ जुन अपेक्षा गरे अनुरुप प्राप्त नहुन सक्छ ।

(घ) योजना कार्यान्वयनका लागि श्रोत साधनको आंशिक मात्रामा यथार्थ यकिन भएको अवस्थामा योजना तयार गरिएको हुँदा कार्यान्वयनमा श्रोत साधनको उपलव्धता र खर्च व्यवस्थापनमा जोखीम रहन सक्छ ।

(ङ) नयाँ प्रस्तावित कार्य विभाजन नियमावलीलाई आधार मानी शाखागत कार्य विवरण तयार गरिने हुँदा विद्यमान शाखागत कार्य क्षेत्रमा भिन्नता देखिन सक्छ ।

## भाग—२ : नगरपालिकाको क्षमता विकास योजना तर्जुमाका विधिहरू

### २.१ क्षमता विकास योजना तर्जुमाका विधिहरू

पुतलीवजार नगरपालिकाको क्षमता विकास योजना तर्जुमाको बिधिका लागी प्राथमिक स्रोतका तथ्याङ्कहरूको प्रयोग गरिएकोछ । यसका लागि, नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीहरूसंग समेत अन्तरक्रिया, शाखागत रूपमा र बिभिन्न ब्यक्तिहरूसंग समेत बेग्लाबेग्लै Key Informant Interview, सहभागितात्मक कार्यशाला गोष्ठीको आयोजना गरी सुचना संकलन तथा बिश्लेषण गरियो । तथ्याङ्क संकलनका लागि मिति २०७८ चैत्र १४ गते नगरपालिकाका प्रतिनिधिहरू प्रमुख प्रशासकिय अधिकृत, बिभिन्न शाखाका प्रमुखहरू, अन्य कर्मचारी र उपलब्ध सबै सरोकारवालाहरूको सामुहिक उपस्थितिमा तथ्याङ्कको सामुहिक संकलन तथा सहभागितात्मक तवरले बिश्लेषण गरिएको थियो ।

नगरपालिकाको क्षमता विकास र ३ वर्षे योजना तर्जुमाको सिलसिलामा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूका बीचमा क्षमता विकास योजनाको महत्व, बिधि, आबश्यकता, उद्धेश्य र बिधिका बारेमा प्रश्तुति, बिस्तृत छलफल र नगरपालिकाका सबल पक्ष, कमजोर पक्ष र चुनौतिहरुको विश्लेषण गरी नगरपालिकाको समग्र विकासकालागि प्रमुख संभावनाका आधारहरु, संभावना तथा अवसरहरुको संभावना क्षेत्र तथा संभावना तथा अवसरबाट प्राप्त हुन सक्ने प्रतिफलहरुको बारेमा छलफल गरियो । यसरी छलफलका अबधिमा पत्ता लागेका खालि ठाँउहरू पुरा गर्नकालागि ३ बर्षे रणनीतिक कार्ययोजना तयार पारी, कार्यान्वयन योजनाकालागि अनुमानित बजेट, कार्यान्वयन वर्ष जिम्मेवारी, र संभावित स्रोत सहितको प्रमुख कार्यक्रम तथा क्रियाकलापहरुको तर्जुमा गर्ने काम सम्पन्न गरियो ।

नगरपालिकाको क्षमता अभिवृद्धि लागि रणनीतिक कार्ययोजना तयार गर्नका लागि खाली ठाउँहरूको पहिचान विषयगत क्षेत्रहरूका आधारमा गरियो । जसअनुसार: शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन्, सहकार्य र समन्वय रहेकाछन् ।

### २.२ अध्ययन क्षेत्र




संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गण्डकी प्रदेश अन्तरगत पर्ने स्याङ्जा जिल्ला एक पहाडी जिल्ला हो । यस जिल्लाको प्रसिद्ध खोला आँधीखोलाको काखमा पतुलीबजार नगरपालिका रहेकोछ । २०५३ सालमा, साविकका स्याङ्जा पुतलीबजार, करेन्डाँडा, सतुपसल, गणेशपुर र चण्डीकालिका गरि पाँच वटा गाउँ विकास समितिहरु मिलेर यस नगरपालिकाको स्थापना भएको हो | नेपाल सरकारको मिति २०७३ फाल्गुण २९ गतेको निर्णय बमोजिम राज्यको पुन संरचनमा यस पुतलीबजार नगरपालिकामा साविकका टक्सार, पौवैगौडे, ठुलाडिही, बहकोट, कोल्मा, राङ्भाङ (१-३ र ९) र पेल्काचौर (१,२,४-८) गामिन आई कुल १४ वडाको नयाँ पुतलीबजार नगरपालिकाको संरचना बनेको छ | जसको कूल क्षेत्रफल १४६.२१ वर्ग क मिटर रहेको छ। यस नगरपालिकाको पुर्वमा कास्की जिल्ला र तनहुँ जिल्ला, पश्चिममा आँधीखोला गाउँपालिका, अर्जुन चौपारी गाउँपालिका र भिरकोट नगरपालिका रहेका छन त्यस्तै उत्तरमा कास्की जिल्ला र फेदीखोला गाउँपालिका र दक्षिणमा विरुवा गाउँपालिका र भिरकोट नगरपालिका रहेका छन । बिस २०७८ मा गरिएको जनगणना अनुसार यो नगरपालिकामा जम्मा घरसंख्या १०३९० रहेकाछन भने कुल जनसंख्या ४२०७९ (पुरूष १९४४०, महिला २२६३९) रहेकोछ ।

### २.३ तथ्यांक संकलन

तथ्याङ्क संकलनका लागि मिति २०७८ चैत्र १४ गते नगरपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकिय अधिकृत, नगरपालिका अन्तरगतका शाखा प्रमुखहरू, कर्मचारीहरूको समुहिक उपस्थितिमा तथ्याङ्कको सामुहिक संकलन तथा सहभागितात्मक तवरले बिश्लेषण तथा मुल्यांकन गरिएको थियो । साथै, उक्त कार्यशाला गोष्ठीमा देहायका विषयहरू (छलफलको नतिजा अनुसूचि १ मा दिईएकोछ) लगायत नगरपालिकाको जिम्मेवारी आदिको बारेमा समेत छलफल गरी कार्यक्रमको सुरूवात गरिएको थियो ।

| **(क) विकास व्यवस्थापन** | **(ख) संगठन व्यवस्थापन** | **(घ) सूचना व्यवस्थापन** | **(च) समन्वय र सहकार्य** |
|---|---|---|---|
| • विषय क्षेत्रगत योजना तथा नीति<br>• समावेशी विकास नीति (लैङ्गिक, बालबालिका, सीमान्तीकृत वर्ग, गरीबमुखी विकास)<br>• वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति<br>• वार्षिक योजना तर्जुमा<br>• वार्षिक योजना कार्यान्वयन<br>• मर्मत सम्भार व्यवस्थापन | • कर्मचारी संगठन तथा कार्यविभाजन<br>• आन्तरिक संचार<br>• कर्मचारीहरूको आचार संहिता<br>• कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्यांकन<br>**(ग) वित्तीय व्यवस्थापन**<br>• बजेट र आम्दानी तथा खर्च प्रणाली | • अभिलेख व्यवस्थापन<br>• सूचना प्रविधिको उपयोग<br><br>**(ङ) सुशासन**<br>• जनसहभागिता<br>• पारदर्शिता तथा सूचना प्रवाह | • संघीय तथा प्रदेश सरकार<br>• सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू<br>• गैसस तथा समुदायमा आधारित संस्थाहरू<br>• निजी क्षेत्र<br>• अन्तर स्थानीय सरकार<br>• अन्तर महाशाखा वा शाखा |

| | | | |
|---|---|---|---|
| • अनुगमन तथा मूल्याङ्कन प्रणाली | • खरिद प्रणाली<br>• सम्पत्ति व्यवस्थापन<br>• प्रतिवेदन प्रणाली | • जवाफदेहिता र गुनासो व्यवस्थापन | |

**२.४ तथ्यांक विश्लेषण तथा नतिजा प्रस्तुती**

सामुहिक रूपमा तथ्याङ्कको संकलन तथा सहभागितात्मक तवरले गरिएको तथ्याङ्कको बिश्लेषणवाट आएको परिणामलाई स्पाइडर वेब चार्ट मार्फत प्रस्तुत गरिएको छ । जसले परिणामलाई ग्राफिकल तरिकामा देखाएकोछ । यस मोडेलको माध्यमबाट परिणामहरूको स्पष्ट रूपमा तुलना गरी प्रश्तुत गरिएकोछ ।

**२.५ अनुशरण**

क्षमता विकास सम्बन्धी मूल्यांकनको प्रक्रिया पूरा भएपछि पहिचान गरिएका गतिविधिहरू, जो कार्यान्वयनमा आएका छैनन, कुनै कार्यान्वयनमा आएपनि अतिनै कमजोर अबस्थामा रहेकाछन, यस्ता गतिबिधिहरू संचालन गर्न र नगरपालिकाको क्षमता अभिबृद्धिका लागि ३ बर्षे रणनीतिक योजनाको तर्जुमा गरिएको छ । यसमा गतिविधिहरू संचालनका लागि आबश्यक बजेट, कार्यान्वयनको जिम्मेवारी, समयसिमा, र अनुगमन संयन्त्रको उल्लेख गरिएको छ । कार्ययोजनाको कार्यान्वयन स्थितिको अनुगमनको बारेमा नगरपालिकामा मेयर, उपमेयर प्रमुख प्रशासकिय अधिकृत, वार्ड अध्यक्षहरू, कार्यपालिकाका सदश्यहरू लगायत, नगरपालिका अन्तरगतका शाखा प्रमुखको टोलीले अनुगमनका लागि नेतृत्वदायी भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

**२.६ संघ, प्रदेश र नगरपालिकाको क्षमता विकास योजनाहरुको अन्तरसम्बन्ध**

नेपालमा संघ, प्रदेश र स्थानीय तहको समन्वयात्मक सहकार्यवाट मात्रै समग्र विकास सम्भव छ । नेपालको संविधान २०७२ ले उल्लेख गरेको तिनै तहका सरकारको शासन प्रणाली समन्वयात्मक र सुद्दढ भएमा मात्रै विकासको नतिजा र प्रतिफल प्रभावकारी हुन्छ । यसरी तिनै तहका सरकारका विच विकास निर्माण, नीति तथा कानुन निर्माण र योजना निर्माणमा तादाम्यता हुन जरुरी छ । नेपालको संविधानले स्थानीय तहहरुले आफ्नो कानुन, निति र योजना निर्माण गर्दा संघ र प्रदेश सरकारसंग नवाझिने गरी निर्माण गर्न अनुसुचिहरूमा एकल अधिकार र साझा अधिकारको व्यवस्था गरेको छ । यो क्षमता विकास योजना पनि त्यहि मर्मलाइ आत्मसात गरी तयार गरिएको छ ।

## ३.१ नगरपालिकाको वर्तमान सांगठनिक अवस्था

" *समृद्ध पुतलीबजार, सुखी नगरवासी*" को दिर्घकालिन सोंचलाई हासिल गर्न यस नगरपालिकाको चुस्त क्षमता र दुरुस्त संगठनको स्वरूप हुन आवश्यक छ । यसैलाई मध्यनजर गरी नगरपालिकाको वर्तमान सङ्गठनात्मक कार्य क्षमता र साङ्गठनिक पक्षको विश्लेषणका आधारमा देहाय बमोजिम मूल्याङ्कन गरिएको छ । यस नगरपालिकाको वर्तमान अवस्थाको अध्ययन गर्ने सन्दर्भमा यसको विद्यमान साङ्गठनिक संरचनाको समेत पुनरावलोकन गरिएको थियो । नगरपालिकालाई प्रचलित कानुनले तोकेको कार्य जिम्मेवारी, यसले हासिल गर्न खोजेका दीर्घकालीन लक्ष्यहरू एवम् यसबाट नगरपालिकाबासीहरूले राखेका अपेक्षाहरू पूरा गर्न सक्ने गराउन र नगरपालिकाको साङ्गठनिक सुदृढीकरण सम्बन्धी सुधारात्मक क्रियाकलापहरूको पहिचान गरी कार्यान्वयन योजना तयार गर्ने उद्देश्यले यसको विद्यमान सङ्गठन स्वरूप, दरबन्दी, कार्यबोझ, जनशक्ति विकासको अवस्था र आन्तरिक स्रोत परिचालनको अवस्थालाई सहभागितात्मक पद्धतिबाट पुनरावलोकन गरिएको थियो । यसका लागि कार्यशालाका सहभागिहरू तथा कार्यालयले उपलब्ध गराएको सूचनालाई मुख्य आधारको रूपमा लिइएको छ ।

सङ्गठन संरचनाकै आधारमा कर्मचारीहरू परिचालन हुने र कर्मचारीहरू मार्फत नै सङ्गठनले सेवा प्रवाह गर्न सक्ने हुँदा सङ्गठनका क्रियाकलापहरूलाई दिशा निर्देश गर्नमा यसको सङ्गठन संरचनाले महत्वपर्ण भूमिका खेलेको हुन्छ । यस नगरपालिकाले आफ्ना क्रियाकलापहरूलाई व्यवस्थित गर्ने सन्दर्भमा सङ्गठन स्वरूप स्वीकृत गरी सेवा संचालन गर्दै आएको छ । नगरपालिकाको सङ्गठन संरचनामा समयानुकूल सुधार र परिमार्जन गर्दै आइरहेको छ । सङ्गठन भित्रका प्रत्येक शाखा, उपशाखा तथा इकाईहरूको स्पष्ट कार्य विवरण तयार गरी लागू गरिएको छ । नगरपालिकाको विद्यमान सङ्गठन स्वरूपलाई तल प्रश्तुत गरिएको छ साथै नगरपालिकाको कार्यालयमा विद्यमान शाखा, उपशाखा तथा इकाईहरू निम्न अनुसार रहेको छ ।






### ३.२ क्षमता विकास योजनाको भूमिका

प्रत्येक स्थानीय तहहरूले आफ्नो तहको विकास प्रकृया र सेवा प्रवाहलाई चुस्त र दुरूस्त राख्न योजना निर्माण, छनोट, साधन स्रोतको पहिचान र परिचालन, प्राप्त हक अधिकारको कार्यान्वयन एवं तत्कालीन, मध्यमकालीन र दीर्घकालीन दृष्टिकोणको निर्माण लगायतका विषयमा स्थानीय तहका सरकारहरूले प्राथमिकतामा राखेर अघि बढ्नु परिरहेकोछ । सोहि तथ्यहरूलाई मध्यनजर गरी नगरपालिकाको क्षमता विश्लेषण प्रकृया अगाडी बढाईएकोछ । यसका लागि शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पुर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वय गरी १० वटा विषयगत क्षेत्रमा मूल्यांकन गरी अंकभार प्रदान गरिएको छ ।

### ३.३ परामर्श बैठकका उपलब्धीहरु

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ लगायतका नगरपालिकाले आंफै तयार पारेका स्थानीय कानूनी संरचनाहरूले स्थानीय तहलाई आफ्नो क्षेत्रमा सेवा प्रवाह गर्न, योजना तर्जुमा र कार्यान्वयन गर्न र समग्र विकासको नेतृत्व गर्न जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार नगरपालिकाले गरेका गतिबिधिहरू र अपनाएको प्रक्रियाका वारेमा क्षमता मूल्याङ्कनका अबधिमा भिन्नाभिन्नै समुहहरूसंग बेग्लावेग्लै छलफल गरिएको थियो । छलफलमा प्रायः जिम्मेवारी र अपनाएको प्रक्रियाका वारेमा केन्द्रीत भई छलफल गरिएको थियो । छलफलका नतिजाहरू तल दिईएकोछ ।

**तालिका नं १: परामर्श वैठकका नतिजाहरु**

| सहभागीहरू | छलफलका निचोडरू |
| --- | --- |
| मेयर ,उपमेयर प्रमुख प्रशासकिय अधिकृत, | • नगरपालिकालाई आबश्यक भए अनुसारका ऐन, नियम कार्यबिधि र निर्देशिकाहरूको तयार भएकोछ र अन्यको हकमा आबश्यकता अनुसार तयार गर्ने नीति रहेको छ ।<br>• बिषयगत समितिहरूको गठन भएतापनि क्षमता बिकासको काम बांकि छ । यद्धपि कानुनले ब्यबस्था गरेका समिति तथा विषयगत समितिहरूको गठन भएकोछ र यी समितीहरूले कार्य भने गरेका छन् ।<br>• छनौट गरिएका योजनाहरूको प्राथमिकिकरण ब्यबस्थित रूपमा हुन सकिरहेको छैन । वार्षिक योजना र बजेट समयसिमा भित्रै तयार गरिन्छन र अनुमोदित पनि हुन्छन्; यद्यपि, निर्देशिकामा उल्लेखित सबै चरणहरूको उपयूक्त समय मिलान गर्न भने सकिएको छैन ।<br>• केही कर्मचारीहरू समायोजन प्रक्रिया अन्तर्गत समायोजन त भएका छन । यद्यपि आवश्यक कर्मचारीहरू पर्याप्त उपलब्ध छैनन् ।<br>• सबै शाखा र इकाइहरू (Sections and Units) संचालनमा रहेका छन, यद्यपि यी शाखाहरू संगठन-व्यवस्थापन (O&M) का आधारमा निर्माण गरिएका होईनन र यहाँ पर्याप्त कर्मचारीहरू समेत उपलब्ध छैनन् । एक कर्मचारीको दुई भन्दा बढी एकाई र शाखाका लागि जिम्मेवारी रहेकोछ ।<br>• नगरपालिकाको आन्तरिक राजस्व पर्याप्त रहेको पाईएन । आन्तरिक स्रोतहरू बृद्धि गर्ने प्रयासको थालनी यथाशिघ्र गर्न जरूरी छ ।<br>• संघ, प्रदेश र स्थानीय तहको काम र सोको स्थानीय तहसंगको सम्बन्ध तथा प्रदेशबाट संचालित विकास परियोजना बारेमा निर्बाचित प्रतिनिधिहरूलाई ज्ञानको कमी रहेकोछ ।<br>• नगरपालिका सबै सेवा तथा कार्यक्रमहरू प्रायजसो मागमा र प्राथमिकताको आधारमा हुन्छन् । तथापि जनताहरुलाई सेवा सम्बन्धी सुचना र सेवा माग गर्ने प्रकृयाका बारेमा अभिमुखिकरण गर्न जरूरी छ ।<br>• न्यायिक समितिले राम्रोसँग काम गरिरहेको छ, यद्यपि सामुदायिक मध्यस्थता केन्द्रमा पूर्वाधार र क्षमता विकास सम्बन्धी प्याकेज आवश्यक रहेको छ ।<br>• निर्बाचित जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता बिकास सम्बन्धी कृयाकलापहरू सघन रुपमा अगाडी बढाउन आबश्यक देखिन्छ । |
| • कार्यपालिका बोर्डका समावेशी सदश्यहरू महिला) , दलित तथा (जनजाती | • वडाअध्यक्ष र सदस्यहरूसंगै सम्बन्धित वडामा परियोजनाहरू, विद्यालय र स्वास्थ्य चौकीहरूको अनुगमनमा संलग्न छन् । नगरपालिकामा विभिन्न समितिमा सदस्यको रूपमा काम गर्ने जिम्मेवारी प्रदान गरेको छ ।<br>• कार्यपालिका सदश्यहरूलाई बिशेषगरी नगरपालिका प्रवक्ता, विषयगत समितिका सभापति जस्ता ठूला जिम्मेवारीहरू दिइएको छैन ।<br>• कार्यकारी बोर्ड बैठकमा नियमित रूपमा भाग लिएता पनि, एजेन्डामा तर्क राख्न कम अवसर प्राप्त छ ।<br>• बिषयगत समितिहरू व्यवस्थित गर्न आबश्यक छ र समितिहरूको नेतृत्वमा समावेशी समुहका कार्यपालिका सदश्यहरूलाई ल्याउन जरूरी छ ।<br>• कार्यपालिका बोर्डमा वडा अध्यक्ष र कार्यपालिका सदश्यहरूको समान हैसियत भएतापनि अधिकारको प्रयोग गर्ने र अबशरहरूको उपयोग गर्ने सन्दर्भमा समानता देखिंदैन । |
| • वडा अध्यक्षहरू | • नागरिक र वडा अध्यक्षहरू बीचमा प्रत्यक्ष भेटघाट तथा सम्बन्ध हुने गर्दा नागरिकहरूको चासोका बिषयहरूमा बढी जानकारी हुने गरेको ।<br>• वडा अध्यक्षहरूलाई नगरपालिकामा नीति निर्माण र वडा स्तरमा नागरिकलाई सेवा प्रदान र विकासका कामहरू संगसंगै गर्नुपर्ने हुंदा प्रशस्त चुनौतीहरूको सामना गर्नु परेकोछ ।<br>• पर्याप्त कागजात बिना सिफारिसहरूको लागि नागरिकहरूवाट अनावश्यक दबाव ।<br>• वडा स्तरिय योजनाहरूमा गुणस्तरियता कायम गर्न चुनौति रहेको, नगरपालिकामा न्यून प्राबिधिक कर्मचारीको कारण समयमै परियोजना संचालन र सम्पन्न गर्न चुनौति रहेको,<br>• वडा स्तरिय योजनाहरूमा गुणस्तरियता कायम गर्न चुनौति रहेको, नगरपालिकामा न्यून प्राबिधिक कर्मचारीको कारण समयमै परियोजना संचालन र सम्पन्न गर्न चुनौति रहेको,<br>• प्राविधिक कर्मचारीहरूवाट परियोजनाहरूको अनुगमन न्यून रहेको देखिन्छ । प्रायजसो अनुगमन औपचारिकताका लागि मात्र गर्ने गरेको देखिन्छ ।<br>• कर्मचारी र निर्वाचित प्रतिनिधिहरु बीच राम्रो समन्वय रहेको देखिन्छ । |
| • शाखा प्रमुखहरू | • सवै शाखा, शाखा प्रमुख, तथा अन्य कर्मचारीहरू बीचमा पर्याप्त समन्वय रहेकोछ ।<br>• सवै शाखाहरूबाट सेवा प्रवाह यथासक्य प्रभावकारी बनाउन प्रयास । |

| सहभागीहरू | छलफलका निचोडरू |
|---|---|
| | • केहि कर्मचारीहरू नगरपालिका स्वयं र विकास साझेरदारहरूबाट समेत प्राप्त क्षमता विकास सम्वन्धी तालिम कार्यक्रममा सहभागी भईरहेका ।<br>• बिगतका जटिलताहरू हाल बिस्तारै समाधान हुंदै गएका छन ।<br>• कर्मचारी बिशेषगरी प्राबिधिक तर्फलाई क्षमता विकास सम्बन्धी तालिम दिनुपर्ने आवश्यकता देखिन्छ ।<br>• बजेट, योजना तथा कार्यक्रम जनताको मागमा आधारित हुने भएकाले कार्यान्वन पनि समयमै हुने गर्दछ ।<br>• विषयगत शाखाहरूका लागी प्राप्त सशर्त बजेट बाहेकका अन्य कार्यक्रममा सहभागी गराउने नगरेको । यसले गर्दा विषयगत शाखाका कर्मचारीहरूमा आन्तरिकिकरणको समस्या देखिन्छ ।<br>• नगरपालिका मूख्य प्राथमिकिकरणमा कृषि, पर्यटन, पशुपालन, तथा सामजिक सेवाहरू रहेका छन । जसको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारीहरूको क्षमता बिकास गर्नु जरूरी छ । |

### ३.४ सबल पक्ष, सुधार गर्नुपर्ने क्षेत्र, अवसर र चुनौतिको विश्लेषण

सहभागितात्मक पद्धति मार्फत बिश्लेषण गरिएको सकअचु (SWOT) विश्लेषणलाई बिषयगत क्षेत्र शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना भौतिक पुर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन, सहकार्य र समन्वय मा आधारित भई जनप्रतिनिधि र कर्मचारीले कार्य सम्पादनको सिलसिलामा अनुभव गरेका नगरपालिका सवल पक्ष, कमजोर अर्थात सुधार गर्नु पर्ने पक्ष, अवशर र चूनौति (सकअचू) को विश्लेषणको गरिएको थियो । विश्लेषणको परिणाम हेर्दा मूख्य समस्याहरू संक्रमणकालिन रहेका र अधिकार र जिम्मेवारीको ज्ञानमा कमी तथा स्रोत व्यबस्थापनसँग सम्बन्धीत रहेकाछन । तथापी, निर्वाचित जनप्रतिनिधिहरूको उत्साह तथा प्रतिवद्धता र कर्मचारीहरूको निरन्तरको सहयोग तथा हातेमालो रहेकाले चूनौतीहरुको सामना हुने कुरामा विश्वास सहित सहयोगीहरूबाट सहयोगको अपेक्षा गरिएको थियो । सहभागीहरूले छलफलका क्रममा वास्तविक लक्षित वर्गको पहिचान नै मूख्य चासोको विषय रहेको कुरा व्यक्त गरे । साथै, लक्षित वर्गको सामाजिक र आर्थिक रुपान्तरणका लागि भौतिक पूर्वाधारको अवस्थामा सुधार तथा आय-आर्जनका कृयाकलापहरूको आवश्यक्ता रहेको कुरामा जोड दिएका थिए । सकअचू बिश्लेषणका लागि वुँदा नं. २.३ मा दिईएका ६ वटा विषयहरू (विकास व्यवस्थापन, संगठन व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन, समन्वय र सहकार्य) लाई विस्तार गरी तलका १० वटा क्षेत्रहरू निर्धारण गरी सोको आधारमा विस्तृत विश्लेषण गरी प्राप्त परिणामलाई तलको तालिकामा प्रश्तुत गरिएकोछ ।

**तालिका नं २: सकअचु (SWOT) विश्लेषणको नतिजा**

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अबशर | चुनौती |
| --- | --- | --- | --- | --- |
| शासकिय प्रवन्ध | नगर सभा संचालन कार्यबिधि पारित भई कार्यान्वयन भईरहेको<br>सभा र बैठकहरूमाथि सामुहिक छलफल सहित निर्णय गर्ने गरिएको।<br>नगरपालिका तथा वडाबाट प्रदान गरिने सेवाहरू सहज तरिकाले प्रदान गर्ने गरिएको<br>स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिहरूको सम्पत्ति बिबरण बार्षिक रूपमा बुझाउने गरिएको<br>स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले कार्यजिम्मेवारी बहन गरेको,<br>नगरपालिकालाई आबश्यक कानून (ऐन, नियम, निर्देशिका) हरूको निर्माण भएको र अन्य निर्माण गरिंदै | ऐन नियम र कार्यबिधिहरु समयानुकुल संशोधन गर्नु पर्ने<br>वडस्तरमामा डिजिटल प्रविधिको सुरुवात गर्नुपर्ने।<br>सवै नीति नियम कानून नियमावलीहरु राजपत्रमा प्रकाशित गर्नुपर्ने।, | नगरपालिका तथा वडामा जनप्रिय संस्थाको रूपमा स्थापित हुन सक्ने | साधन र स्रोतको पर्याप्त मात्रामा उपलब्ध नहुनु<br>संघ र प्रदेशबाट समयमा कानून निर्माण भई नआएकोले थप कानून निर्माण गर्ने, |
| संगठन तथा प्रशासन | नगरपालिकाको क्षमता बिकास हुदै गएको।<br>कर्मचारी प्रशासन सम्बन्धी ऐन निर्माण भएको।<br>कार्यहरूको बिभिन्न प्रतिबेदन तयार गर्ने गरिएको ।<br>कर्मचारी प्रशासनको जिम्मेवारि तोकिएको। | कार्य विभाजन सहितको स्पष्ट जिम्मेवारी हुनु पर्ने।<br>कार्यमुल्याकंन अनुसार पुरष्कार तथा जरिवानाको ब्यबस्था हुनु पर्ने।<br>बिषयगत शाखाहरुको कुसल ब्यबस्थापन हुनु पर्ने ।<br>समयको परिपालना तथा एजेण्डा केन्द्रित बैठक हुनु पर्ने।<br>दक्ष कर्मचारीको अभावले गर्दा माग अनुसार सेवा प्रवाहमा कमी भएको,<br>क्षमता विकास योजना, पर्याप्त अफिस स्पेस र तालिमको व्यबस्था गर्नुपर्ने। | राम्रो काम गरेर स्थानीय बासिन्दाको जिबनस्तरको सुधार हुने | नीतिगत नियमहरु र कर्मचारी ब्यबस्थापन नहनु |
| बार्षिक बजेट योजना तर्जुमा ब्यबस्थापन | बिभिन्न समितिहरुले काम प्रभावकारी रूपमा गर्नु।<br>७ चरणको योजना तथा बजेट निर्माणलाई प्राथमिकतामा राखि काम गरिनु। | योजना प्रभावकारी रूपमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने।<br>जनप्रतिनिधिहरुलाई योजना कार्यान्वयन तथा प्रतिफल प्राप्ति सम्बन्धी तालिम दिनुपर्ने। | Detail project Report बनाएर कार्यान्वयन गर्ने<br>आवधिक योजना कार्यान्वयन गर्ने | रणनैतिक योजनाका रूपमा आवधिक योजनाको निर्माण भएपनि सोको बार्षिक योजनासंग |

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अबशर | चुनौती |
|---|---|---|---|---|
| | | लक्षित वर्ग पहिचान गरी केन्द्रीय नीति अनुरुप पालिकाको नीति नबनेकोले कार्यक्रम संचालन गर्नुपर्ने ।<br>बार्षिक, मासिक, चौमासिक प्रगति प्रतिवेदन तथा समीक्षा गर्नुपर्ने । | क्षमता बिकास योजना, जेसी रणनीतिको कार्यान्वयन गर्ने | तालमेल र कार्यान्वयनमा पहल नगरिनु |
| बित्तिय एंब आर्थिक ब्यबस्थापन | आन्तरिक स्रोत संकलनमा सुधार आएको,<br>आर्थिक अनुशासन र बेरुजुमा न्यूनता हूंदै गएको,<br>वस्तीस्तरबाट योजना चरण अबलम्बन गर्ने गरिएको, | वित्तीय प्रतिवेदन तथा नगरपालिकाका निर्णयहरुको सार्वजनिकीकरण गर्नुपर्ने ।<br>अभिलेख व्यवस्थापन तथा सूचना सम्प्रेषण सम्वन्धी पद्धतिको विकास गर्नुपर्ने<br>राजस्व सुधार योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने ।<br>बार्षिक खरिद योजना, तथा खरिद गुरू योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने । | बैंकिङ कारोबारमा सहजता पूर्बक बित्तिय कारोबारलाई पारदर्शी बनाउन सकिने | रकम निकासको अख्तियारी समयमै नहुनु<br>स्रोत व्यवस्थापन सम्बन्धी<br>पर्याप्त स्रोतको अभावले बजेट अपर्याप्त हुने र जनताका आवश्यकता र मागलाई सम्बोधन गर्ने,<br>अधिकारका सूचीमा नपरेका कार्य सम्पादन गर्न जनताको माग आउने र तिनलाई समाधान गर्नेपर्ने, |
| सेवा प्रबाह | नागरिक बडापत्र अनुसार नागरिकको माग र चाहाना बमोजिम सेवा प्रबाह हुने गरेको<br>बैंकिङ प्रणाली भुक्तानिको लागि प्रक्रियागत रहेको<br>सबै वडामा पञ्जीकरणको ब्यबस्था भएको<br>विभिन्न बिषयगत तथा वडा कार्यालयहरुबाट सेवा प्रवाह भइरहेको,<br>पूर्ण खोप तथा खुला दिशामुक्त क्षेत्र घोषणा भएको, | सबै वडामा डिजिटल नागरिक बडापत्र ब्यबस्था भई नसकेको हुँदा सोको व्यबस्था गर्नुपर्ने ।<br>दक्ष जनशक्तिको कमिलाई वैकल्पिक व्याबस्था गर्नुपर्ने ।<br>समयमै जन्म, बिबाह बसाइ सराई दर्ता नहुने गरेको अवस्थामा सो सम्बन्धी जनचेतनामुलका कार्यक्महरू गर्नुपर्ने । | हाल कार्यलय भवन पर्याप्त भएतापनि समयोचित रूपमा सेवा प्रवाहकालागि मैत्रीपूर्ण बनाउन जरूरी रहेको,<br>प्रबिधिलाई शासन ब्यबस्थामा अबलम्बन गर्दै गरिएको ।<br>बैंकका शाखाहरुको र बैंकका बित्तिय संस्थाहरुको कार्य क्षेत्रमा बिस्तार<br>पञ्जिकाधिकारिको सबै वडामा ब्यबस्था | नागरिकलाई सेवा प्रबाह सम्बन्धी जानकारी गाराउन नसकिएको<br>वडामा पर्याप्त भौतिक पुर्वाधार नभएको<br>जनतालाई राम्रोसंग सूचना सुसुचित गर्न नसकेको |
| भौतिक पुर्वाधार | सबै वडामा सडक संजालले छोएको, साथै खानेपानी, बिद्युत र सञ्चारको ब्यबस्था गर्ने प्रयास गरिएको<br>वडा भवनमा कार्यालयको भवनबाट कामकाज संचालन भई रहेको,<br>स्वस्थ्य चौकी र विद्यालय भवनहरुको निर्माण भएको, | बिकासका पुर्वाधारमा गुणस्तरियता तथा पहुंचमा सुधार ल्याउनुपर्ने ।<br>कार्क्रम तथा परियोजनाहरूको प्रभावकारी कार्यन्वयनमा सुधार ल्याउनु पर्ने । | नगरपालिका प्राथमिकतामा परेको साथै पुर्वाधार ब्यबस्थापन प्रणालीको अबलम्बन ।<br>संबिधान ऐन कानुन नीति | भौगोलिक बिकटता<br>पर्याप्त बजेटका साथै निजि क्षेत्रले भौतिक पुर्वाधारका क्षेत्रमा चासो नराखेको |

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अबशर | चुनौती |
|---|---|---|---|---|
| | सबै बस्तीमा विद्युतीकरण भैसकेको,<br>खानेपानीको स्रोत पालिका भित्रै उपलब्ध रहेको,<br>पर्यटकिय स्थान, नगरपालिका केन्द्र र अन्य प्राकृतिक स्थानहरू जाने सडक मार्गको स्तर बृद्धी गर्न लागिएको<br>जिल्ला सदरमुकाममै रहेकोले अवशर तथा चूनेति दुवै रहेको । | सेवा प्रवाहमा नागरिक स्तरबाट ढिलासुस्ति भएको गुनासोलाई सम्बोधन गर्नुपर्ने ।<br>कार्यालयको भौतिक पुर्वाधार र कार्यवातावरणमा सहजता ल्याउन नसकिएकोमा सुधार गर्नुपर्ने । | सुविधायुक्त भौतिक पूर्वाधार निर्माण भएकोले शिक्षामा गुणस्तरीय लगानीको अवसर रहेको,<br>पर्यटकीय क्षेत्रको उपलब्धताले यस क्षेत्रमा धेरै रोजगारी र आर्थिक उन्नति हुने गरी कार्य गर्ने सम्भावना रहेको,<br>पर्याप्त सामुदायिक वन, होम स्टे, विविधतापूर्ण जातजाति र धर्म संस्कृति, व्यवसायिक जडिबुटी खेतीको सम्भावना, अफसिजन तरकारी खेती र बजारीकरण, कोल्डस्टोर, साना उद्योगहरुको सम्भावना आदि<br>सिद्धार्थ राजमार्गसघ जोडिएको र प्रदेश राजधानीसंग सहज र छोटो दुरीमा स्थापित हुनुले प्रदेशका अवशरहरूमा समेत पहुँच | सरोकारवालाहरूसंग समन्वय तथा सहकार्य |
| सामाजिक समावेशीकरण | बजेट, निति तथा कार्यक्रममा सामाजिक समाबेशीकरणको सिद्दान्त अनुसार नीति कार्यक्रम तयार गरिएको<br>नगरपालिका तहमा रहेका दलित, महिला बालबालिका अपागंता भएका ब्यक्ति युवा आदिलाई समेटेर उनिहरुका सञ्जालहरु गठन भई क्रयाशिल रहेको | स्थानीय तहमा सामाजिक समावेशिकरणको ऐन कानुन बनाउनु पर्ने<br>स्थानीय तहमा सामाजिक समावेशिकरणको सिद्दान्त अनुरुप बजेट तथा कार्यक्रमहरु तयार गर्नुपर्ने र सोहि अनुसार कार्यान्वयन गर्नु पर्ने | सामाजिक समावेशिकरण सम्बन्धित ऐन, नीति नियम र दस्तावेजको आधारमा (संघीय सरकारले बनाएका) निर्माण गर्न सकिने; बजेट तर्जुमा गरी<br>कार्यान्वयनमा जान सकिने | कानुनसंग सम्बन्धित जनशक्ति अभाब रहनु<br>ऐन , कानुन , नीति निर्माणमा ढिलाई हुंदा सम्बन्धित कार्यक्रम प्रभावित हुनु |
| न्यायिक कार्य सम्पादन | न्यायिक समितिको गठन मेलमिलाप कर्ताको ब्यबस्था, न्यायिक समितिको प्रतिबेदन पेश गर्ने<br>८०% उजुरी मेलमिलापको माध्यमबाट फर्छौट गरेको र मेलमिलापको प्रतिबेदन पेश गरेको | मेलमिलाप केन्द्र र कक्ष गठन गरी बन्द ईजलासको ब्यबस्था गर्नु पर्ने<br>कानुन सम्बन्धी कर्मचारीको ब्यबस्था गर्नु पर्ने | संबिधान, ऐन कानुनको तर्जुमा गरी कार्यान्वयनमा रहेका र तदनुरूप सहजता प्रदान गरेको | प्रयाप्त भौतिक पुर्बाधारको ब्यबस्था साथै सम्बन्धित कर्मचारीको ब्यबस्था हुन नसकेको |

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अबशर | चुनौती |
|---|---|---|---|---|
| बातावरण संरक्षण तथा बिपद ब्यबस्थापन | ऐन, नियम कार्यबिधि निर्माण भएको<br>बिपद व्यबस्थापन कोषको स्थापना गर्न नगरपालिका सकारात्मक रहेको,<br>वन पैदावार, नदीजन्य तथा निर्माण सामाग्रीको प्रचुर उपलब्धता | ऐन, नियम कार्यबिधि निर्माण भएको सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।<br>बिपद ब्यबस्थापन कोषको स्थापना गर्न नगरपालिका सकारात्मक रहेकोमा सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने। | बिपदको क्षतिलाई न्युनिकरण गर्न सकिन्छ<br>बन जंगलको संरक्षण र बृक्षारोपण | समयमा सही तथ्याङ्क संकलन नहुनु प्राकृतिक प्रकोप तथा विपद सम्बन्धी |
| सहकार्य र समन्वय | संघ प्रदेश र अन्य साझेदार, सरोकारवालाहरू संग समन्वय भएको।<br>कर्मचारी र जनप्रतिनिधि बीच राम्रो सम्बन्ध रहेको, | आबश्यक बिषयबस्तुको निर्णय गर्दा सरोकारवालाहरुसंग सहकार्य गर्न आबश्यक रहेको।<br>समयमा आबश्यक कानुन कार्यबिधि निर्माण गर्नु पर्ने देखिन्छ। | सबै नीति निर्माणमा सहजता | संचारको पहुचतामा कमि<br>समन्वय सम्बन्धी<br>अन्तर सरकार र अन्तर पालिका समन्वय गर्ने, |

### ३.५ नगरपालिकाको संस्थागत क्षमता विकास योजना विश्लेषणको  अवस्था

संस्थागत क्षमता अध्ययन तथा विश्लेषण कार्य मुलत: नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको सहभागितामा गरिएको थियो । नगरपालिकाको वर्तमान संस्थागत कार्यक्षमता मापन सहभागितात्मक रुपमा गर्नकालागि ६ वटा विषयहरू जस्तै: (क) विकास व्यवस्थापन, (ख) संगठन व्यवस्थापन, (ग) वित्तीय व्यवस्थापन, (घ) सूचना व्यवस्थापन, (ङ) सुशासन, (च) समन्वय र सहकार्यलाई ध्यानमा राखि छलफल गरिएको थियो । तथापि, बर्तमान समयमा नगरपालिकाको बढदो जिम्मेवारी र कार्यसंरचनाका कारण नगरपालिकाको क्षमता विश्लेषणका आधारलाई विस्तार गरी तलका १० वटा क्षेत्रहरू निर्धारण गरी सूचकको संख्या समेत बढाई १०० वटा सुचकका आधारमा एकीकृत सांगठनिक मोडेल (Integrated Organization Model) बनाई यसका आधारमा विस्तृत विश्लेषण गरी प्राप्त परिणामलाई तलको तालिकामा प्रश्तुत गरिएकोछ । तलको तालिकामा विषयगत क्षेत्र अनुसार नगरपालिकाले प्राप्त गरेको अकंभार देखाईएको छ ।

**तालिका ३ :संगठनात्मक तथा  संस्थागत क्षमताको लेखाजोखाबाट प्राप्त संक्षिप्त अकंभार**

| विषयगत क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत | फरक | फरक प्रतिशत | समग्र नतिजा |
|---|---|---|---|---|---|---|
| शासकिय प्रवन्ध | **8** | **5.40** | 67.50 | 2.60 | 32.50 | *राम्रो* |
| संगठन तथा प्रशासन | **8** | **7.39** | 92.38 | 0.61 | 7.63 | *उत्कृष्ट* |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | **11** | **8.57** | 77.94 | 2.43 | 22.06 | *राम्रो* |
| वित्तिय तथा आर्थिक व्यवस्थापन | **11** | **10.32** | 93.82 | 0.68 | 6.18 | *उत्कृष्ट* |
| सेवा प्रवाह | **15** | **14.05** | 93.67 | 0.95 | 6.33 | *उत्कृष्ट* |
| न्यायिक कार्यसम्पादन | **8** | **8.00** | 99.99 | 0.00 | 0.01 | *उत्कृष्ट* |
| भौतिक पूर्वाधार | **11** | **9.11** | 82.79 | 1.89 | 17.21 | *उत्कृष्ट* |
| सामाजिक समावेशिकरण | **10** | **8.98** | 89.83 | 1.02 | 10.17 | *उत्कृष्ट* |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | **11** | **8.98** | 81.66 | 2.02 | 18.34 | *उत्कृष्ट* |
| सहकार्य र समन्वय | **7** | **7.0** | 100.14 | 0.00 | 0.00 | *उत्कृष्ट* |
| **hDdf** | **100** | **87.82** | **87.82** | **12.19** | **12.04** | *उत्कृष्ट* |

*नोट :लेखाजोखा विश्लेषणबाट प्राप्त अंक*

| **प्राप्ताङ्क** | **८० प्रतिशत भन्दा बढी** | **६० देखि ७९ प्रतिशत सम्म** | **४० देखि ५९ प्रतिशत सम्म** | **४० प्रतिशत भन्दा कम** |
|---|---|---|---|---|
| **समग्र नतिजा** | *उत्कृष्ट* | *राम्रो* | *कमजोर* | *अति कमजोर* |

संस्थागत क्षमताको विश्लेषणबाट प्राप्त अकंभारका आधारमा यस  नगरपालिका समग्र क्षमता " उत्कृष्ट " अवस्था अन्तर्गत (८७.८२%) रहेको पाइयो । बिषयगत क्षेत्रहरूको बेग्लाबेग्लै क्षमता क्षमता बिश्लेषण गर्दा वित्तिय तथा आर्थिक व्यवस्थापन (९३.८२%), सेवा प्रवाह (९३.६७%), न्यायिक कार्यसम्पादन (९९.९९%), भौतिक पूर्वाधार (८२.७९%), सामाजिक समावेशिकरण (८९.८३%), वातावरण संरक्षण तथा विपद व्यवस्थापन (८१.६६%), र सहकार्य र समन्वय (१००%) "उत्कृष्ठ अवस्था अन्तर्गत रहेको पाईयो । त्यस्तै, शासकिय प्रवन्ध (६०.४३%), वार्षिक बजेट तथा योजना व्यवस्थापन  (७७.९४%) "राम्रो" अवस्था अन्तर्गत रहेको पाईयो ।

नगरपालिकाले गरेको अपेक्षित अबस्था र र प्राप्ताङ्क बीचमा फराकिलो  भिन्नता (१२.१९%) को अबस्थालाई हेर्दा त्यति ठुलो भिन्नता रहेको देखिएन । तथापि,  शासकिय प्रवन्ध (३९.५%), वार्षिक बजेट तथा योजना व्यवस्थापन (२२.०६%) रहेका छन । अन्य क्षेत्रहरूमा त्यति ठुलो भिन्नता देखिदैन ।  क्षमता विकासका द्दष्टिकोणले ठुलो भिन्नता भएका क्षेत्रहरूमा  रहेको  फराकिलो  भिन्नता (Gap)  लाई घटाउनका लागि नगरपालिकाले संस्थागत सबलीकरणमा ध्यान दिन जरूरी छ । यसले नागरिकमा सुशासन र विकासको अनुभुती गराउन सहयोग पुर्याउंछ । यसका अलावा, असल कार्यको अनुसरण गर्दा जस्तै: दक्ष कर्मचारीको अभाव, नियम कानुनको अभाव, सिकाइकै रुपमा रहेका जनप्रतिनिधिहरू र सीमित स्रोत साधनका

वावजुद पनि स्थानीय कानुन निर्माण, योजना तर्जुमा, पूर्वाधार विकास, क्षमता विकास, राजश्व संकलन तथा वजेट निर्माण, न्याय सम्पादन, सेवा प्रवाह, पारदर्शिता तथा सुशासन, सूचनाको प्रविधिको प्रयोगमा गरिएका पहलहरु उल्लेखनिय छन । यस सम्बन्धी रणनैतिक कार्ययोजना तयार पारी सिफारिश गरिएकोछ, जसको नगरपालिकाबाट यथाशिघ्र सम्बोधन हुनेछ ।

**चार्ट नं. १: संस्थागत विकास योजना विश्लेषणको अवस्था (तथ्याङ्क प्रतिशतमा देखाईएकोछ)**

**चार्ट नं २: संगठनात्मक तथा संस्थागत क्षमता लेखाजोखाको माकुरी जालो बिश्लेषण**




१२०
१००
८०
६०
४०
२०
०
१००
६७.५
३२.५
९२.३८
७.६३
७७.९४
२२.०६
९३.८२
६.१८
९३.६७
६.३३
९९.९९
०.०१
८२.७९
१७.२१
८९.८३
१०.१७
८१.६६
१८.३४
शासकिय प्रवन्ध
संगठन तथा प्रशासन
वार्षिक बजेट तथा योजना व्यवस्थापन
वित्तिय तथा आर्थिक व्यवस्थापन
सेवा प्रवाह
न्यायिक कार्यसम्पादन
भौतिक पूर्वाधार
सामाजिक समावेशिकरण
वातावरण संरक्षण तथा विपद व्यवस्थापन
सहकार्य र समन्वय
पूर्णाङ्क प्रतिशत
प्राप्ताङ्क प्रतिशत
फरक प्रतिशत


वार्षिक बजेट तथा योजना व्यवस्थापन
१००
७७.९४
२२.०६
१००
९०
८०
७०
६०
५०
४०
३०
२०
१०
०
पूर्णाङ्क प्रतिशत
प्राप्ताङ्क प्रतिशत
फरक प्रतिशत

**चार्ट ३: संगठनात्मक तथा संस्थागत क्षमताको परिणाम ड्यासबोर्ड**










सेवा प्रवाह
१००
९३.६७
६.३३
० १० २० ३० ४० ५० ६० ७० ८० ९० १००
पूर्णाङ्क प्रतिशत
प्राप्ताङ्क प्रतिशत
फरक प्रतिशत


न्यायिक कार्यसम्पादन
०.०१
९९.९९
१००
० ५० १०० १५०
फरक प्रतिशत
प्राप्ताङ्क प्रतिशत
पूर्णाङ्क प्रतिशत


भौतिक पूर्वाधार
१००
८२.७९
१७.२१
० १० २० ३० ४० ५० ६० ७० ८० ९० १००
पूर्णाङ्क प्रतिशत
प्राप्ताङ्क प्रतिशत
फरक प्रतिशत


सामाजिक समावेशिकरण
१०.१७
८९.८३
१००
पूर्णाङ्क प्रतिशत
प्राप्ताङ्क प्रतिशत
फरक प्रतिशत







**३.६ संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाका बिषयगत आधारमा गरिएको बिश्लेषण**

नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई कामप्रति लगनशील बनाई राख्न नगरपालिकामाले सङ्गठन संरचनालाई आवश्यकता अनुसार पुनरावलोकन गर्दै जानु पर्ने र कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गर्दा कार्य विवरणको आधारमा गर्नु पर्ने देखिन्छ। यसबाट काममा स्पष्टता आउनुको साथै जिम्मेवारी बोधले क्रमशः काम गर्ने क्षमतामा समेत विकास गर्नेछ। कर्मचारीहरूको मासिक बैठकलाई नियमित र प्रभावकारी गराउन आवश्यक छ। उक्त बैठकबाट प्राप्त सुझावहरूलाई नगरपालिका बैठकमा र नगरपालिकामा बैठकले गरेका निर्णयहरू कर्मचारी बैठकमा जानकारी गराउनु पर्ने देखिन्छ। जसले गर्दा निर्णय गर्ने बोर्ड र कार्यान्वयन गर्ने कर्मचारी बीचको दोहोरो सूचना आदान प्रदान सहज हुन्छ। फलस्वरूप कार्य प्रभावकारी हुनुका साथै कर्मचारीको लगनशीलता बृद्धि हुनेछ। नगरपालिकामाले तयार पारेको क्षमता विकास योजनालाई वार्षिक योजनामा समावेश गरी प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ। नगरपालिकाको कार्य कुशलता कर्मचारीहरूको क्षमतामा निर्भर हुने भएकाले ज्ञान, सीप, धारणा र कार्य वातावरणमा नगरपालिकाले विशेष ध्यान दिन आवश्यक हुन्छ। निक्षेपित कार्यक्रम तथा कार्यालयको कामलाई सहजीकरण गर्नु तथा अनुगमन गरी कामको गुणस्तर नगरपालिकामा को जिम्मेवारी भएकाले यसका लागि सम्पर्क व्यक्ति तोक्ने र अनुगमन प्रणालीलाई सुदृढीकरण गर्नु पर्ने देखिन्छ।

### ३.७ क्षमता बिकास सम्बन्धी संचालित गतिबिधिहरु

स्थानीय तहहरूमा जनप्रतिनिधीहरूले जिम्मेवारी सम्हाले संगै उनिहरू तल्लो तहको समुदायको नजिकको सरकारका रूपमा रही स्थानीय स्तरमा स्थानीय सुशासन प्रणालीलाई संस्थागत गर्न र जनताको सहभागिता प्रवर्धन गर्न सक्षम वातावरणको सिर्जना गरिरहेकाछन । यद्यपि अनुभवहरूले देखाउँछन् कि स्थानीय तहहरू संवैधानिक शक्ति र कार्यहरू सम्पन्न गर्न उनिहरूले अंझैपनि कडा मेहनत गर्नुपर्ने स्थितिमा देखिन्छन् । अपर्याप्त संस्थागत र मानव संसाधनको क्षमता खास गरी संस्थागत बिकास, प्रशासनिक संयन्त्र, सेवाहरूको प्रभावकारी प्रवाह, योजना तर्जुमा र अनुगमन, कानून र नीति निर्माण र समग्र विकास प्रक्रिया संचालनमा यस्ता कमि कमजोरीहरू प्राय देखिन्छन ।

संस्थागत क्षमता विश्लेषण र व्यक्तिगत क्षमता आवश्यकता मूल्याकंनको आधारमा कमजोर क्षमताको सम्बोधन गर्न, मूल्याङ्न अबधिमा विभिन्न मुद्दाहरू र विषयगत क्षेत्रहरू पहिचान गरियो । यसरी पहिचान भएका विषय तथा मुद्दाहरूका आधारमा स्थानीय सरकारको लागि क्षमता विकास योजना र रणनीति तयार गर्ने आधार तयार भयो । नगरपालिका निर्वाचित प्रतिनिधिहरू र कर्मचारीहरूसँगको बृहत छलफलको सिलसिलामा बिभिन्न प्रकारका क्षमता विकास सम्बन्धी तालिमहरूको पहिचान गरिएको थियो । माग गरिएका केहि सान्दर्भिक विषयहरू यही सेक्सनमा प्रश्तुत गरिएको छ । माग गरिएका केहि तालिमहरूमा रणनीतिक व्यवस्थापन योजना, खाता व्यवस्थापन, सुत्र, र बित्तिय जोखिम न्यूनीकरण, न्यायिक समिति कार्यहरू, सामुदायिक मध्यस्थता, सुशासन र स्थानीय शासन प्रणाली, वार्ड समिति र वडा प्रतिनिधिहरूको भूमिका र जिम्मेवारी, परियोजना योजना अनुगमन र कार्यान्वयन, भूमिका र जिम्मेवारी, सामाजिक समावेशीकरण, वार्षिक योजना र बजेट, राजस्व प्रशासन र कर व्यवस्थापन, समन्वय र सम्बन्ध विकास, मानव संसाधन व्यवस्थापन, सेवा वितरणमा क्षमता विकास, समुदाय परिचालन, विभिन्न समितिको सञ्चालन र गठन, अन्तर-स्थानीय सरकार सम्बन्ध, फोहोर व्यवस्थापन र समुदाय परिचालन, प्रभावकारी सेवा वितरण, सेवा उपायहरूमा सूचना तथा टेक्नोलोजीको प्रयोग, क्षमता विकास योजना, नागरिक संलग्नता र सामाजिक उत्तरदायित्व, सूचना प्रविधिको प्रयोग, विकास साझेदार र गैरसरकारी संस्थाहरूको परिचालन, प्रकोप व्यवस्थापन प्रमुख रहेकाछन ।

### ३.८ संस्थागत क्षमता विकास योजना

स्थानीय तहले आफ्नो संवैधानिक जिम्मेवारी प्रभावकारी ढंगबाट पुरा गर्न सक्षम छ भन्ने सुनिश्चितता गर्न स्थानीय सरकारको संस्थागत सबल पक्ष र सुधारगर्नु पर्ने पक्षहरुको नियमित रुपमा विश्लेषण गर्न जरुरी छ । संबिधानत: स्थानीय तह स्वायत्त भएकोले आफ्नै नेतृत्वमा आफ्नो संस्थाको स्वमूल्यांकन गर्न बढी प्रभावकारी एवम् व्यवहारिक हुने भएकोले स्थानीय तहको संस्थागत क्षमता मूल्यांकन पद्धतिको विकास गरिएको हो । यस पद्धतिले स्थानीय तहको संस्थागत क्षेत्रमा रहेका सबल पक्ष र सुधारगर्नु पर्ने पक्षहरुको लेखाजोखा गर्न मद्धत पुर्याउँछ । स्थानीय तहको कार्यक्षमता र सेवा प्रवाहका विषयहरु अति नै महत्वपूर्ण छन् । क्षमता मूल्यांकन पद्धतिले सम्बन्धित स्थानीय तहको चुनौती र अवसरहरु पहिचान गर्न , रणनीतिक कार्ययोजना तयार पारी कार्य क्षमता अभिवृद्धि गर्न मद्धत पुर्याउँछ । कार्ययोजना तयार गर्दा ध्यानमा राखिएका आधारहरु संस्थागत स्वमूल्याकंनका क्षेत्रगत सूचकहरुमा पहिचान भएको Gaps, सकअचु विश्लेषणको (SWOT) सारांश, विभिन्न समूहगत छलफलवाट प्राप्त सूचना र जानकारीहरु तथा व्यक्तिगत जनप्रतिनिधि र कर्मचारीहरुको ( तालिम) क्षमता विकास (आबश्यकता विश्लेषण सारांश) ।

उपरोक्त ग्यापहरूको सम्बोधनका लागि ३ बर्षे **क्षमता विकास योजना** तर्जुमा गरिएकोछ जसकालागि कूल बजेट ६ करोड ६० लाख बराबरको खर्चको प्रशताव गरिएकोछ जसबाट जनप्रतिनिधी, कर्मचारी लगायत सामुदायिक संस्थाहरू समेत लाभान्वित हुने देखिन्छ ।

तालिका ४१: पुतलीबजार नगरपालिका ३ बर्षे (२०७९/०८० देखि २०८१/०८२) क्षमता विकास कार्ययोजना (रू ००० मा)

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| **१** | **शासकीय प्रबन्ध** | | | | | | | | |
| १.१ | स्थानीय शासन सम्बन्धी, नीति, कानून, कार्यविधि र विनियमको तर्जुमा र सार्वजनिक प्रशासन बारे प्रशिक्षण (३ दिने) तथा अभिमुखिकरण (१.५ दिने) | प्र.प्र. अ. | प्रशासन शाखा प्रमुख | 500 | 500 | 500 | **1500** | जनप्रतिनिधी र शाखा प्रमुख | परामर्शदाता |
| १.२ | सभाले पारित गरेका सबै ऐन, कार्यपालिकाले स्वीकृत गरेका सबै नियमावली, निर्देशिका, कार्यविधिहरु राजपत्रमा प्रकाशित गरी वेवसाइटमा राख्ने र सबै कर्मचारी तथा वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुलाई पारित भएका कानूनबारे अभिमुखिकरण | प्र.प्र. अ. | प्रशासन शाखा प्रमुख/आईटि अधिकृत | 500 | 300 | 300 | **1100** | जनप्रतिनिधी र शाखा प्रमुख | नगरपालिका |
| १.३ | विकास व्यवस्थापन, वार्षिक योजना तर्जुमा प्रक्रिया, जेसी अबधारणा र विकासका नविनतम अवधारणा बारे अभिमुखीकरण | योजना शाखा प्रमुख | महिला /सामाजिक विकास शाखा | 300 | 300 | 300 | **900** | जनप्रतिनिधी र कर्मचारी | परामर्शदाता |
| १.४ | भौतिक पूर्वाधारहरुका गुणस्तर सुनिश्चितता सम्वन्धी तालिम | प्राबिधिक शाखा प्रमुख | योजना शाखा | 300 | 300 | 300 | **900** | जनप्रतिनिधी र प्राविधिक शाखाका कर्मचारी | परामर्शदाता |
| १.५ | सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक प्रशासन नियमावली, खरिद योजना निर्माण सम्बन्धी अनुशिक्षण | लेखा शाखा प्रमुख | प्राबिधिक शाखा प्रमुख | 300 | 300 | 300 | **900** | जनप्रतिनिधी र शाखाका प्रमुख | परामर्शदाता |
| १.६ | व्यवस्थित फाईलिङ सम्वन्धी तालिम तथा निर्देशिका तयार गरी व्यवस्थित फाईलिङ प्रणालीबारे अनुशिक्षण | प्रशासन शाखा प्रमुख | आई टी अधिकृत | 300 | 200 | 200 | **700** | सम्पूर्ण कर्मचारी | परामर्शदाता |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| १.७ | कार्यपालिका बैठकका निर्णयहरू ४८ घण्टाभित्र पालिकाको सूचना पाटीमा टाँस गर्ने र वेभसाईटमा अपलोड गर्ने, सफल अभ्यासहरुको दस्तावेजीकरण गर्ने | आईटि अफिसर | सवै शाखाका प्रमुख | 300 | 300 | 300 | **900** | शाखाका प्रमुख | नगरपालिका |
| १.८ | जिन्सी, लेखा र राजस्व व्यवस्थापन सम्बन्धी तालिम | प्रशासन/योजना शाखा प्रमुख | लेखा र राजस्व शाखाका प्रमुख | 500 | 300 | 300 | **1100** | सम्पूर्ण कर्मचारी | नगरपालिका |
| १.९ | कार्यपालिका तथा सभा संचालन बिधिबारेमा अभिमुखिकरण | प्र.प्र. अ. | प्रशासन शाखा | 300 | 300 | 300 | **900** | जनप्रतिनिधि | परामर्शदाता |
| १.१ | स्थानीय तहमा कानुन निर्माण र सोको कार्यान्वयन बारे अभिमुखिकरण | प्र.प्र. अ. | प्रशासन शाखा प्रमुख | 500 | 300 | 300 | **1100** | जनप्रतिनिधी र शाखाका प्रमुख | परामर्शदाता |
| १.११ | सवै कार्यक्रमहरूको वार्षिक रूपमा सार्वजनिक सुनुवाई गर्ने | योजना शाखा प्रमुख | प्रशासन शाखा प्रमुख | 100 | 100 | 100 | **300** | जनप्रतिनिधी र शाखाका प्रमुख | नगरपालिका |
| १.१२ | अनुगमन समितिलाई थप सकृय बनाउन ऐन, बिनियम वा कार्यबिधि बनाउने र अभिमुखिकरण गर्ने | योजना शाखा प्रमुख | प्रशासन शाखा प्रमुख | 250 | 300 | 300 | **850** | जनप्रतिनिधी र शाखाका प्रमुख | नगरपालिका |
| १.१३ | सूचना केन्द्रको स्थापना, संचालन तथा ब्यवस्थापन गर्ने। | सूचना शाखा प्रमुख | आई टी अधिकृत | 500 | 500 | 500 | **1500** | जनप्रतिनिधी र शाखाका प्रमुख | नगरपालिका |
| | | | | **4650** | **4000** | **4000** | **12650** | | |
| **२** | **संगठन तथा प्रशासन** | | | | | | | | |
| २.१ | सङ्गठनात्मक तथा व्यबस्थापन (O&M) सम्बन्धी अध्ययन, कार्यन्वयन तथा अद्यावधिक | प्रशासन शाखा प्रमुख | प्रशासन शाखाका कर्मचारी | 0 | 0 | 600 | **600** | सम्पूर्ण कर्मचारी | परामर्शदाता |
| २.२ | सम्पूर्ण कर्मचारीहरुलाई कार्यविवरण वितरण तथा अद्यावधिक | प्रशासन शाखा प्रमुख | प्रशासन शाखाका कर्मचारी | | | | | सम्पूर्ण कर्मचारी | नगरपालिका |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| २.३ | विषयगत शाखा, राजनीतिक दल, स्थानीय गै.स.स, संचार क्षेत्र, निजी क्षेत्रका प्रतिनिधिहरूसँग पालिकाको सङ्गठनात्मक, संस्थागत व्यवस्था, कार्य प्रणाली र अनुगमन प्रकृया र सूचना प्रवाहका सम्बन्धमा अभिमुखीकरण | प्रशासन/योजना शाखा प्रमुख | प्रशासन शाखाका कर्मचारी | 300 | 300 | 300 | **900** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | परामर्शदाता |
| २.४ | टिप्पणी तथा प्रस्ताव लेखन, अभिलेख व्यवस्थापन सम्बन्धी तालिम | प्रशासन शाखा प्रमुख | प्रशासन शाखाका कर्मचारी | 250 | 250 | 250 | **750** | सम्पूर्ण कर्मचारी | नगरपालिका |
| २.५ | कर्मचारी तथा पदाधिकारीहरूको आचार संहिता तर्जुमा तथा लागू गर्ने | प्र.प्र. अ. | प्रशासन शाखा प्रमुख | 100 | 100 | 100 | **300** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | नगरपालिका |
| २.६ | कार्यालय व्यवस्थापन, सुरक्षा तथा सेवा प्रवाहमा सहयोगी कर्मचारीको आचरण तथा भूमीकाको विषयमा प्रशिक्षण | प्रशासन शाखा प्रमुख | योजना शाखा प्रमुख | 300 | 300 | 300 | **900** | सहयोगी कर्मचारी | नगरपालिका |
| २.७ | अध्ययन अवलोकन भ्रमण (कर्मचारी र समिति) | प्र.प्र. अ. | प्रशासन शाखा प्रमुख | 500 | 500 | 500 | **1500** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | नगरपालिका |
| २.८ | कर्मचारीको वृत्ति विकास योजना बनाई कार्यान्वयन गर्ने | प्र.प्र. अ. | प्रशासन शाखा प्रमुख | 250 | 250 | 250 | **750** | सम्पूर्ण कर्मचारी | नगरपालिका |
| | | | | **1700** | **1700** | **2300** | **5700** | | |
| **३** | **वार्षिक बजेट तथा योजना ब्यवस्थापन** | | | | | | | | |
| ३.१ | ७ चरणको सहभागितामूलक योजना तर्जुमाका चरणहरू बारेमा वडास्तरको जनप्रतिनिधि तथा वडा सचिवहरूलाई अभिमुखीकरण | योजना शाखा प्रमुख | सवै शाखा प्रमुखहरू | 300 | 300 | 300 | **900** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | नगरपालिका |
| ३.२ | यातायात गुरुयोजनाको अभिमुखिकरण,तर्जुमा तथा अद्यावधिक | प्राबिधिक शाखा प्रमुख | प्राविधिक शाखाका कर्मचारी | 0 | 0 | 1500 | **1500** | जनप्रतिनिधी र सम्पूर्ण प्राबिधिक शाखाका कर्मचारी | परामर्शदाता |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| ३.३ | आवधीक योजनाको अभिमुखिकरण, तर्जुमा तथा अद्यावधिक | योजना शाखा प्रमुख | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | 0 | 0 | 2000 | **2000** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | परामर्शदाता |
| ३.४ | मध्यावधिक खर्च संरचनाको अभिमुखिकरण, तयारी तथा अद्यावधिक | योजना शाखा प्रमुख | लेखा शाखा/ राजश्व शाखा | | 700 | 0 | **700** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | परामर्शदाता |
| ३.५ | उ.स.गठन, योजना कार्यान्वयन, अनुगमन र पारदर्शिता कायम राख्ने विधि एवं प्रकृया बारेमा अभिमुखिकरण | योजना शाखा प्रमुख | प्राबिधिक शाखा | 150 | 150 | 150 | **450** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | नगरपालिका |
| ३.६ | क्षमता विकास योजनाको समिक्षा तथा अद्यावधिक | योजना शाखा प्रमुख | योजना शाखा/लेखा शाखा | 0 | 0 | 500 | **500** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | परामर्शदाता |
| ३.७ | राजश्व सुधार कार्य योजनाको समिक्षा तथा अद्यावधिक | राजश्व शाखा प्रमुख | योजना शाखा/लेखा शाखा | 0 | 0 | 700 | **700** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | परामर्शदाता |
| ३.८ | गौरवका योजनाहरुको पहिचान गरी प्राथमिकताका आधारमा बिस्तृत योजना प्रतिबेदन (डि.पि.आर) तयार गर्दै जाने र सो को कार्यान्वयन गर्दै जाने | प्राबिधिक शाखा प्रमुख | योजना शाखा | 1000 | 1000 | 1500 | **3500** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | परामर्शदाता |
| | | | | **1450** | **2150** | **6650** | **10250** | | |
| **४** | **वित्तिय एवम् आर्थिक ब्यबस्थापन** | | | | | | | | |
| ४.१ | पालिकाको राजस्व बृद्धिको लागि विद्यमान स्रोतहरूको पूर्ण उपयोग र नयाँ स्रोतहरूको पहिचान सम्बन्धी सिकाईका लागि अन्य पालिकाको अध्ययन भ्रमण | राजश्व शाखा प्रमुख | योजना शाखा | 200 | 300 | 300 | **800** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | नगरपालिका |
| ४.२ | राजस्व परामर्श समितिलाई राजस्व सुधार कार्य योजनाको बारेमा अभिमुखीकरण | राजश्व शाखा प्रमुख | योजना शाखा | 100 | 100 | 100 | **300** | जनप्रतिनिधी र सम्पूर्ण कर्मचारी | परामर्शदाता |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| ४.३ | राजस्व सुधार कार्य योजनाको कार्यान्वयन र सोको डिजिटलाईजेसन | राजश्व शाखा प्रमुख/ आई टी अधिकृत | आईटि अधिकृत | 0 | 700 | 0 | **700** | जनप्रतिनिधी र राजश्व शाखाका कर्मचारीहरू | परामर्शदाता |
| ४.४ | पालिकाको हक भोगमा रहेका जग्गाहरूको पहिचान, नापजाँच र अद्यावधिक तथा अभिलेखिकरण र पालिकाको स्वामित्वमा रहेका तर अभिलेख नभएका अचल सम्पत्तिहरू (भवन, मेसिनरी तथा सवारी साधनहरू) को मूल्याङ्कन तथा अद्यावधिक | जिन्सी शाखा प्रमुख | प्रशासन शाखा | 500 | 300 | 300 | **1100** | जनप्रतिनिधी, प्रशासन शाखा र जिन्सी शाखाका कर्मचारी | नगरपालिका |
| ४.५ | पालिका भित्र रहेका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण र उपयोगको लागि विस्तृत अध्ययन तथा कार्य योजना तयारी र कार्यान्वयन | राजश्व शाखा प्रमुख | जिन्सी शाखा | 500 | 0 | 0 | **500** | जनप्रतिनिधी र राजश्व शाखाका कर्मचारीहरू र जिन्सी शाखाका कर्मचारी | |
| ४.७ | जिन्सी समानहरुको अध्यावधिक गर्ने र पेश्कि, वेरुजु फच्र्यौट कार्यदल गठन। | जिन्सी शाखा प्रमुख | राजश्व शाखा | 50 | 50 | 50 | **150** | प्रशासन शाखा र जिन्सी शाखाका कर्मचारी | नगरपालिका |
| ४.८ | पर्यटन क्षेत्र विकास संभाव्यता पहिचान र सोको विकासका लागी कार्यदल गठन गर्ने र योजना बनाउने | योजना शाखा प्रमुख | प्रशासन शाखा | 1000 | 0 | 0 | **1000** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| ४.९ | वडाहरूलाई पालिकाको स्रोत अभिवृद्धि गर्न अनुशिक्षण | राजश्व शाखा प्रमुख | प्रशासन शाखा | 100 | 100 | 100 | **300** | वडाका जनप्रतिनिधी र वडा सचिवहरूलाई | नगरपालिका |
| ४.१० | पालिका क्षेत्रभित्र संचालनमा आएका व्यवसायहरुको दर्ता तथा नवीकरणका लागि वडास्तरमा अभिमुखीकरण | राजश्व शाखा प्रमुख | प्रशासन शाखा | 100 | 100 | 100 | **300** | वडाका जनप्रतिनिधी र वडा सचिवहरू | नगरपालिका |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| ४.११ | करदाताको विवरण अद्यावधिक सहित कर तथा राजस्वका अभिलेखहरु व्यवस्थापन | राजश्व शाखा प्रमुख | आईटि अधिकृत | 100 | 100 | 100 | **300** | जनप्रतिनिधी र कर्मचारीहरू | नगरपालिका |
| ४.१२ | राजस्व प्रणालीको Computer Data Base तयारी सहित वडा कार्यालयसंग Linkage तयार पार्ने | राजश्व शाखा प्रमुख | आईटि अधिकृत | 500 | 0 | 0 | **500** | राजश्व शाखाका कर्मचारीहरू, आईटि अधिकृत र वडाका जनप्रतिनिधी र वडा सचिवहरू | परामर्शदाता |
| ४.१३ | राजस्व संकलनमा कम्प्युटर सफ्टवेर संचालन विषयमा पालिकाका कर्मचारी एवं वडासमितिलाई प्रशिक्षण | राजश्व शाखा प्रमुख | आईटि अधिकृत | 300 | 200 | 200 | **700** | राजश्व शाखाका कर्मचारीहरू आईटि अधिकृत र वडाका जनप्रतिनिधी र सचिवहरू | परामर्शदाता |
| ४.१४ | निजी व्यवसायी र टोल वस्ती संगठनका प्रतिनिधिहरुलाई पालिकावाट लगाइने कर, शूल्क, दस्तुर, जरिवाना र सेवा शूल्कको विषयमा अभिमुखिकरण | राजश्व शाखा प्रमुख | योजना शाखा प्रमुख | 300 | 300 | 300 | **900** | निजी व्यवसायी र टोल वस्ती संगठनका प्रतिनिधि | नगरपालिका |
| ४.१५ | वजेटिंग र खर्च व्यवस्थापन र श्रेस्ता प्रणाली सम्वन्धी तालिम | लेखा शाखा प्रमुख | योजना शाखा प्रमुख | 300 | 300 | 300 | **900** | सम्पूर्ण कर्मचारीहरू | परामर्शदाता |
| ४.१६ | मासिक आय व्यय विवरण तथा वित्तीय प्रगती प्रतिवेदन तयारी विधि | लेखा शाखा प्रमुख | राजश्व शाखा प्रमुख/ योजना शाखा प्रमुख | 100 | 100 | 100 | **300** | सम्पूर्ण कर्मचारीहरू | नगरपालिका |
| | | | | **4150** | **2650** | **1950** | **8750** | | |
| **५** | **न्यायिक कार्यसम्पादन** | | | | | | | | |
| ५.१ | ईजलास ब्यबस्थापन | कानुन शाखा प्रमुख | प्रशासन शाखा | 500 | 0 | 0 | **500** | जनप्रतिनिधी र कर्मचारीहरू | नगरपालिका |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| ५.२ | वडा अध्यक्षहरूलाई न्यायिक सम्पादन बारेमा अभिमुखिकरण | कानुन शाखा प्रमुख | | 100 | 100 | 100 | **300** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| ५.३ | सामुदायिक मेलमिलापका लागि मेलमिलापकर्ताको प्रशिक्षण तथा बडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना | कानुन शाखा प्रमुख | प्रशासन शाखा | 500 | 500 | 500 | **1500** | वडा जनप्रतिनिधी र मेलमिलापकर्ता | परामर्शदाता र नगरपालिका |
| ५.४ | न्यायिक समितिले अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरी छलफलका लागि प्रमुख मार्फत सभामा नियमितरुपमा पेश गर्ने। | कानुन शाखा प्रमुख | प्रशासन शाखा | 150 | 150 | 150 | **450** | जनप्रतिनिधी र कर्मचारीहरू | नगरपालिका |
| | | | | **1250** | **750** | **750** | **2750** | | |
| **६** | **सेवा प्रवाह** | | | | | | | | |
| ६.१ | कार्यविवरण बनाई प्र.प्र.अ.ले मेयरसँग, अन्य शाखा प्रमुखले प्र.प्र.अ.संग कार्यसम्पादन सम्झौता गर्ने | प्र.प्र. अ. | प्रशासन शाखा | 100 | 100 | 100 | **300** | जनप्रतिनिधी र कर्मचारीहरू | नगरपालिका |
| ६.२ | व्यवस्थित फाईलिङ् सम्वन्धी तालिम तथा निर्देशिका तयार गरी व्यवस्थित फाईलिङ् प्रणालीबारे अनुशिक्षण | प्रशासन शाखा प्रमुख | कानुन शाखा प्रमुख | 100 | 150 | 200 | **450** | सम्पूर्ण कर्मचारीहरू | परामर्शदाता |
| ६.३ | आ.ले.प.र अन्तिम लेखा परिक्षणको तयारी तथा प्रतिवेदन कार्यान्वयनका लागि समन्वय र भूमीकाका बारेमा अभिमुखिकरण | आलेप शाखा प्रमुख | लेखा शाखा | 100 | 150 | 200 | **450** | सम्पूर्ण कर्मचारीहरू | नगरपालिका |
| ६.४ | सार्बजनिक खइरिद बारेमा सम्पूर्ण कर्मचारीहरूलाई अभिमुखिकरण | लेखा शाखा प्रमुख | आ.ले.प | 100 | 150 | 200 | **450** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| ६.५ | सुशासन प्रवद्र्धनमा गुनासो सुनवाई, सम्वोधन तथा व्यवस्थापन, गुनासो पेटीकाको प्रयोग | प्रशासन शाखा प्रमुख | योजना शाखा | 50 | 50 | 50 | **150** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| ६.६ | सार्वजनिक जवाफदेहिताका औजारहरुको प्रयोगको आधार र विश्लेषण क्षमता विकास प्रशिक्षण (Citizen Report Card, Exit Poll, Community Score Card, Public Expenditure Tracking ) | प्रशासन शाखा प्रमुख | योजना शाखा | 100 | 150 | 200 | **450** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| ६.७ | उपभोक्ता समूह तथा टोल वस्ती संगठनलाई परियोजना व्यवस्थापन तालिम | योजना शाखा प्रमुख | प्राबिधिक शाखा | 300 | 300 | 300 | **900** | उपभोक्ता समूह | नगरपालिका |
| ६.८ | सेवाग्राह्यीको गुनासो, सुझाव, प्रतिक्रिया आदि समयमा थाह पाउनकालागि सुझाव पेटिकाका साथसाथै टेलीफोन, सामाजिक संजाल, वेभसाइट जस्ता प्रविधिहरुको ब्यवस्था गर्ने र सर्वसाधारण नागरिको पहुँच बृद्धिकालागि ब्यापक प्रचार प्रसार गर्ने। | प्रशासन शाखा प्रमुख | योजना शाखा | 300 | 300 | 300 | **900** | जनप्रतिनिधी र कर्मचारीहरू | नगरपालिका |
| ६.९ | सेवा प्रवाहको गुणस्तरका वारेमा समिक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिवहरुको चौमासकि समिक्षा बैठक संचालन गर्ने | प्रशासन शाखा प्रमुख | योजना शाखा | 50 | 50 | 50 | **150** | शाखा प्रमुखहरू | नगरपालिका |
| ६.१० | सिफारिस लगायत पालिकाका सेवाप्रवाहको डिजिटलाईजेसनको अभिमुखिकरण र कार्यान्वयन | आई टी अधिकृत | प्राबिधिक शाखा | 1000 | 500 | 500 | **2000** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| | | | | **2200** | **1900** | **2100** | **6200** | | |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| **७** | **भौतिक पूर्वाधार** | | | | | | | | |
| ७.१ | भवन निर्माण सम्बन्धी नियम, विनियम, कार्यबिधी तथा, मापदण्डको तयारी र सो-सम्बन्धी विषयमा अभिमुखीकरण | प्राबिधिक शाखा प्रमुख | योजना शाखा | 1000 | 1000 | 1000 | **3000** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| ७.२ | जिआईएस सम्बन्धी तालिम र घर नम्बरीङ सम्बन्धी अभिमुखिकरण | प्राबिधिक शाखा प्रमुख | आईटि अधिकृत | 500 | 500 | 500 | **1500** | प्राबिधिक शाखा, योजना शाखाका कर्मचारी र आईटि अधिकृत | परामर्शदाता |
| ७.३ | सहरी योजना र भवन निर्माण कार्यमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी तालिम | प्राबिधिक शाखा प्रमुख | विपद व्यबस्थापन शाखा | 100 | 150 | 200 | **450** | सम्पूर्ण कर्मचारीहरू | परामर्शदाता |
| ७.४ | सुरक्षित भवन निर्माणका लागि मिस्त्रीहरूलाई सीप विकास तालिम | प्राबिधिक शाखा प्रमुख | विपद व्यबस्थापन शाखा | 250 | 250 | 250 | **750** | छनौट गरिएका मिस्त्रीहरू | नगरपालिका |
| ७.५ | विकास परियोजनाहरूको गुणस्तरियता निर्धारण र प्राविधिक लेखा परिक्षण सम्बन्धी तालिम | प्राबिधिक शाखा प्रमुख | लेखा शाखा | 300 | 300 | 300 | **900** | सम्पूर्ण कर्मचारी | परामर्शदाता |
| ७.६ | परियोजनाहरुको सम्भाव्यता अध्ययनको तयारी सम्बन्धी तालिम । | प्राबिधिक शाखा प्रमुख | योजना शाखा | 150 | 150 | 200 | **500** | प्राबिधिक र योजना शाखाका कर्मचारी | परामर्शदाता |
| ७.७ | ठेक्का सम्बन्धी कागजातको तयारी र मूल्याङ्कन र ई-बिडिङ प्रक्रिया सम्बन्धी तालिम | प्राबिधिक शाखा प्रमुख | योजना शाखा | 100 | 150 | 200 | **450** | प्राबिधिक र योजना शाखाका कर्मचारी | परामर्शदाता |
| ७.८ | सडक तथा अन्य पूर्वाधारहरुलाई नियमित मर्मत सम्भार गरी अविच्छिन्न रूपमा संचालन गर्न मर्मत सम्भार कोषको निर्देशिका तयार गरी कार्यान्वयन गर्ने | योजना/प्राबिधिक शाखा प्रमुख | योजना शाखा | 500 | 500 | 500 | **1500** | प्राबिधिक र योजना शाखाका कर्मचारी | नगरपालिका |
| | | | | **2900** | **3000** | **3150** | **9050** | | |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| ८ | **सामाजिक समावेशीकरण** | | | | | | | | |
| ८.१ | सामाजिक सुरक्षा कार्यक्रमको अभिमुखीकरण | महिला/सामाजिक विकास शाखा प्रमुख | प्रशासन शाखा | 100 | 100 | 100 | **300** | जनप्रतिनिधी र कर्मचारीहरू | नगरपालिका |
| ८.२ | महिला उत्थान कार्यक्रम, जेष्ठ नागरिक लक्षित कार्यक्रम, दलित उत्थान कार्यक्रम पहिचान र परिचालन अभिमुखीकरण | महिला/सामाजिक विकास शाखा प्रमुख | कानुन शाखा | 150 | 150 | 150 | **450** | समुदाय | नगरपालिका |
| ८.३ | जनजाति लक्षित कार्यक्रम, युवा लक्षित कार्यक्रम र फरक क्षमता भएका बर्गलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमको पहिचान तथा परिचालन | महिला/सामाजिक विकास शाखा प्रमुख | कानुन शाखा | 100 | 150 | 200 | **450** | समुदाय | नगरपालिका |
| ८.४ | लक्षित समूह पाश्र्वचित्र निर्माण | महिला/सामाजिक विकास शाखा प्रमुख | कानुन शाखा | 0 | 500 | 0 | **500** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| ८.५ | लैंगिक सामाजिक समावेशिकरण उत्तरदायी बजेट तर्जुमा तथा परिक्षण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने | महिला/सामाजिक विकास शाखा प्रमुख | कानुन शाखा | 300 | 0 | 0 | **300** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| | | | | **650** | **900** | **450** | **2000** | | |
| ९ | **वातावरण संरक्षण तथा विपद् ब्यस्थापन** | | | | | | | | |
| ९.१ | वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन सम्बन्धी गोष्ठी | वाताबरण शाखा प्रमुख | विपद ब्यबस्थापन शाखा | 250 | 250 | 250 | **750** | जनप्रतिनिधी र कर्मचारीहरू | नगरपालिका |
| ९.२ | वातावरण संरक्षण, हरियाली प्रवद्र्धन तथा सरसफाई कार्यमा वडा समितिलाई अभिमुखिकरण | वाताबरण शाखा प्रमुख | विपद ब्यबस्थापन शाखा | 150 | 150 | 150 | **450** | जनप्रतिनिधी र कर्मचारीहरू | नगरपालिका |
| ९.३ | फोहर मैला व्यवस्थापन कार्यविधि तयार गर्ने र सोहि अनुरुप वजार सफा र सुन्दर अभियान कार्यान्वयनमा ल्याउने । | वाताबरण शाखा प्रमुख | विपद ब्यबस्थापन शाखा | 300 | 200 | 200 | **700** | जनप्रतिनिधी, कर्मचारीहरू र समुदाय | नगरपालिका |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| ९.४ | विपद व्यबस्थापन तथा वातावरण सुधार सम्वन्धी नीति तथा कार्यविधी र गुरु योजना तर्जुमा। | वाताबरण शाखा प्रमुख | विपद ब्यबस्थापन शाखा | 150 | 500 | 0 | **650** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| ९.५ | प्रत्येक वडाहरुमा विपद ब्यवस्थापन सम्वन्धि स्वयंसेबी कार्यदल गठन गरी आवश्यक ज्ञान र सिप प्रदान गर्ने । | वाताबरण शाखा प्रमुख | विपद ब्यबस्थापन शाखा | 150 | 150 | 150 | **450** | जनप्रतिनिधी र कर्मचारीहरू | नगरपालिका |
| ९.६ | फोहर मैला व्यवस्थापन (३ आर) तालिम | वाताबरण शाखा प्रमुख | विपद ब्यबस्थापन शाखा | 100 | 150 | 200 | **450** | जनप्रतिनिधी, कर्मचारीहरू र समुदाय | परामर्शदाता |
| ९.७ | जोखिम न्यूनीकरण तथा विपद्व्यवस्थापन नीति तर्जुमा र जोखिम न्यूनीकरण तालिम | वाताबरण शाखा प्रमुख | विपद ब्यबस्थापन शाखा | 250 | 300 | 300 | **850** | जनप्रतिनिधी, कर्मचारीहरू र समुदाय | परामर्शदाता |
| | | | | **1350** | **1700** | **1250** | **4300** | | |
| **१०** | **सहकार्य र समन्वय** | | | | | | | | |
| १०.१ | टोल वस्ती समूह गठन र परिचालन | योजना शाखा प्रमुख | प्राबिधिक शाखा | 100 | 150 | 200 | **450** | जनप्रतिनिधी, कर्मचारीहरू र समुदाय | नगरपालिका |
| १०.२ | संघीय, प्रदेश र स्थानीय तह तथा अन्य स्थानीय निकायहरुसँग कार्यगत सम्बन्ध स्थापना गरी विकास निर्माण तथा सेवा प्रवाहमा दोहोरो नपर्ने गरी तादात्मता | प्र.प्र. अ. | प्रशासन शाखा | 100 | 150 | 200 | **450** | जनप्रतिनिधी र शाखा प्रमुखहरू | नगरपालिका |
| १०.३ | कर्मचारीहरु उपभोक्ता समितिहरु, टोलवस्तीहरु र सरोकारवालाहरु लाई लेखापरिक्षण र सार्वजनिक लेखा परिक्षण सम्वन्धी अभिमुखिकरण | योजना शाखा प्रमुख | सामजिक विकास शाखा | 300 | 300 | 300 | **900** | जनप्रतिनिधी, कर्मचारीहरू र समुदाय | नगरपालिका |

| सि.न. | क्षमता विकासका लागि प्रस्तावित क्रियाकलापहरू | कार्यान्वयनका लागि जिम्मेवार | सहयोगी | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | सरोकारवालाहरू वा लाभान्वित वर्ग | स्रोत व्यक्तिका रूपमा गतिविधि संचालन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | जम्मा | | |
| १०.४ | गैसस प्रोफाइल तयार र गैसस परिचालन नीति तर्जुमा | महिला/सामाजिक विकास शाखा प्रमुख | सामजिक विकास शाखा | 0 | 500 | 0 | **500** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| १०.५ | सार्वजनिक निजी साझेदारी कार्यक्रम संचालन कार्यविधि तयारी | योजना शाखा प्रमुख | सामजिक विकास शाखा | 250 | 0 | 0 | **250** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| १०.६ | निजी क्षेत्रलाई सार्वजनिक निजी साझेदारी व्यवस्थापन तालिम | योजना शाखा प्रमुख | सामजिक विकास शाखा | 150 | 150 | 200 | **450** | समुदाय | नगरपालिका |
| १०.७ | सेवा प्रदायकहरुको नक्सांकन तथा जनशक्ति परिचालनका लागि रोस्टर तयारी | योजना शाखा प्रमुख | सूचना शाखा | 150 | 0 | 0 | **150** | सम्पूर्ण कर्मचारी | नगरपालिका |
| १०.८ | लैंगिक तथा सामाजिक समावेशीकरण तालिम | महिला/सामाजिक विकास शाखा प्रमुख | योजना शाखा | 300 | 300 | 300 | **900** | जनप्रतिनिधी र कर्मचारीहरू | परामर्शदाता |
| १०.९ | विभिन्न समितिहरुवीच अन्तर समिति समन्वय वैठक | प्र.प्र. अ. | प्रशासन शाखा | 100 | 100 | 100 | **300** | जनप्रतिनिधी | नगरपालिका |
| | **जम्मा** | | | **1450** | **1650** | **1300** | **4350** | | |
| | **कुल जम्मा** | | | **21750** | **20400** | **23900** | **66000** | | |

### ३.९ क्षमता विकास योजनाका रणनीतिहरू

यस योजना कार्यान्वयनका लागि देहाय बमोजिमका मूल रणनीतिहरू अवलम्बन गरिनेछ:

- कार्य विवरणका आधारमा कार्य सम्पादन गर्ने प्रणालीलाई प्रर्बद्धन गरिनेछ ।
- पद र क्षमता अनुसारको जिम्मेवारी सुम्पिने पद्धतिलाई बढावा दिइनेछ ।
- दोहोरोपन हटाउने, स्रोत–साझेदारी गर्ने एवं नगरपालिकाभित्र उपलब्ध हुने सेवाहरूको गुणस्तरमा अभिवृद्धि गरिनेछ ।
- गैससहरू, निजी सेवा प्रदायकहरूबीच नियमित सञ्चार, सम्पर्क, परामर्श र अन्तरक्रिया गरिनेछ ।
- वित्तीय व्यवस्थापन, योजना तर्जुमा प्रक्रिया, कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- आवश्यक भौतिक सुविधा, सरसफाइ तथा सूचना प्रविधिमा जोड दिइनेछ ।
- कर्मचारीको कार्य शैलीमा सुधार तथा अन्तरसम्बन्धलाई सुदृढ गरिनेछ ।
- नगरपालिकाको आन्तरिक स्रोतले सम्भव नहुने क्षमता विकास क्रियाकलापका लागि प्रादेशिक तथा स्थानीय शासन कार्यक्रम, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास साझेदार तथा गैरसरकारी संघ संस्था समक्ष अनुरोध गरिनेछ ।
- नियमित प्रकृयाको रुपमा आन्तरिक एवम् बाह्य श्रोतबाट यथेष्ट बार्षिक बजेट विनियोजन गरी क्षमता विकासका क्रियाकलाप संचालन र कार्यान्वयन गरिनेछ ।
- कार्ययोजना सहित कर्मचारीलाई योजना कार्यान्वयनको जिम्मेवारी दिइनेछ ।
- सेवा प्रदायक र सेवाग्राहीको क्षमता अभिवृद्धि गरी सहकार्यबाट योजना कार्यान्वयन गरिनेछ ।
- श्रृजित अवसर र चुनौतीको समूचित व्यवस्थापन गरिनेछ ।

### ३.१० क्षमता विकास योजनाको कार्यान्वयनका सिद्धान्तहरु

(१) बिभेद शुन्यः संस्था भित्र वा संस्था बाहिरका सरोकारवालाहरु र समुदाय स्तरका सेवा समुदायस्तर बाटै भन्ने मान्यता अनुसार मानव संसाधनको क्षमता विकास गर्दा नेतृत्व, सानो वा ठूलो कर्मचारी वा समुदाय सदश्यमा कुनै भेदभाव गरिने छैन ।

(२) पारदर्शिंतः यो योजना कार्यान्वयन पूर्ण पारदर्शि ढंगबाट संचालन हुनेछ र हाम्रा गराई, प्रकृया र खर्चहरु नगरपालिकाको सार्बजनिक सुनुवाई तथा चासो राख्नेलाई सूचना दिएर पूर्ण पारदर्शि बनाईने छ ।

(३) समन्वय र सहकार्यः यो योजना कार्यान्वयन गर्दा नगरपालिका एक्लै अगाडी नबढि बिभिन्न सरोकारवालाहरु, सेवा प्रदायक तथा स्रोत दाताहरु संगको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

(४) योगदानमा आधारित कार्यक्रमः यो क्षमता विकास योजनालाई केवल डोनर निर्भर नबनाई  नगरपालिकाको योगदानलाई पनि संगसंगै लगिने छ ।

### ३.११ क्षमता विकास योजनाको अनुगमन तथा मूल्याङ्कन

क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयामा नियमित अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका रहन्छ । यस योजनाको नियमित अनुगमन कार्यको मुख्य जिम्मेवारी अनुगमन तथा सुपरीवेक्षण समितिको हुनेछ । यस योजनामा नगरपालिका तथा वडा दुबै स्तरका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि कार्यक्रमहरु समावेश गरिएको हुदा क्षमता विकास कार्ययोजना कार्यान्वयन तथा उपलव्ध बजेटको खर्चबारे सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम र प्रदेश सुशासन केन्द्रबाट पनि अनुगमन गर्न सकिनेछ । यसका अलावा तेस्रो पक्षको समेत यसमा सहभागिता रहन सक्छ । वडास्तरको कार्यक्रमको अनुगमनको हकमा नगरपालिका, सामाजिक विकास शाखा प्रमुखको भूमिका रहने छ ।

क्षमता विकास कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरुको स्थलगत निरीक्षण, चौमासिक प्रगति प्रतिवेदन, लक्षित तथा लाभान्वित वर्गको प्रतिक्रिया एवं पृष्ठपोषण, घटना अध्ययन र अर्धवार्षिक समीक्षा जस्ता सहभागितामूलक बिधिहरुद्वारा योजनाको अनुगमन गरिने छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम र प्रदेश सुशासन केन्द्र साथै नगरपालिका महासंघबाट पनि नियमित अनुगमन गरी आवश्यक सुझाब तथा पृष्ठपोषण प्राप्त गर्न सकिनेछ । यसका साथै क्षमता बिकासका लागि बनाएको कार्ययोजना अर्धवार्षिक र वार्षिक

रुपमा समीक्षा गरी सोको आधारमा कार्यक्रमहरुको आवश्यक परिमार्जन तथा अद्यावधिक गरिने छ । राजनीतिक दल, निर्वाचित जनप्रतिनिधिका साथै दातृ निकायको पनि प्रत्यक्ष वा परोक्ष रुपमा अनुगमनको भूमिका रहने छ ।

### ३.१२ सुझावहरू

- नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई कार्य विवरण उपलब्ध गराउने, कार्य विवरणमा उल्लेख भएका विषयमा प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखाका अन्य कर्मचारी र प्रशासन शाखा प्रमुख बीच अन्तरक्रिया गर्ने र सो कार्य विवरणको आधारमा कार्य सम्पादन मूल्याङ्कन गर्ने,
- कर्मचारीहरूको नियमित बस्ने मासिक बैठकमा क्षमता विकास योजना कार्यान्वयनको अवस्था बारेमा छलफल गर्ने,
- गुनासो अभिलेखीकरण तथा व्यवस्थापन गर्दा आई परेका समस्या र यसको समाधानका लागि क्षमताको कुन तहमा के अप्ठ्यारो पर्यो भनी चौमासिक रूपमा समीक्षा गर्ने,
- सक्रिय रुपमा काम गर्ने वातावरणका लागि कार्यालयको सरसफाइ तथा शौचालयमा पानीको व्यवस्था र कार्यालय एवं प्रतीक्षालयको नियमित मर्मत सम्भार र रंगरोगन गर्ने,
- नगरपालिका तथा वडाहरू, विकास साझेदार, गैसस बिचको संचार संजाल तथा तालिमका लागि दातृ निकाय तथा सङ्घीय र प्रदेश सरकारलाई अनुरोध गर्ने,
- पुस्तकालय तथा सूचना केन्द्र, सोधपुछ तथा सहायताकक्षको स्थापना र स्तरोन्नति गरी आकर्षक बनाउनुको साथै कार्यालय भित्रको फर्निचर र फाइलिङ व्यवस्थाको पुनरावलोकन गरी कार्य चुस्तताको लागि कर्मचारीको सानो समूह बनाई जिम्मेवारी दिने ।

## भाग–४. निष्कर्ष र सुझाव

### ४.१ निष्कर्ष

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको समावेशिताले लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाउन सहयोग त गरेको छ नै, आम जनतामा विकास र समृद्धिको आशा र आकांक्षालाई एकातिर ह्वात्तै बढाएको छ भने अर्कोतर्फ निक्षेपण गरिएका प्रशासनिक, आर्थिक र राजनीतिक अधिकारको प्रयोग गर्दै आफ्नो कार्यसम्पादनलाई चुस्त र दुरुस्त बनाउन स्थानीय तहहरुलाई अनेकौं चुनौती थपिएका छन् । स्थानीय तहको नेतृत्वमा काम गर्ने तीव्र इच्छाशक्ति त छ, तर विकासका लागि इच्छाशक्ति र पैसा मात्रै भएर पुग्दैन, त्यसका लागि स्रोतसाधनसँगै कार्यसम्पादनको विशिष्ट क्षमताको विकास गर्नु आवश्यक हुन्छ । स्थानीय सरकारहरूले मात्र उत्तरदायित्व, जनसहभागिता र पारदर्शिताजस्ता पक्षको सुनिश्चितता प्रदान गर्दै सुशासन प्रवर्द्धन गर्न सक्छन् भन्ने मान्यतालाई सार्थक रूपमा आकार दिंदै संघीयता कार्यान्वयनलाई सफलताको मार्गमा अघि बढाउनका लागि समेत उनीहरूको क्षमता विकासका लागि पर्याप्त प्रयास र लगानीको आवश्यकता देखिन्छ । अहिले स्थानीय सरकारहरू अनेकौं समस्याको चक्रमा जेलिएका छन् । आन्तरिक स्रोतको अवस्था कमजोर छ । स्थानीय सरकारहरूको सञ्चालनमा स्रोत र सामर्थ्यको अभाव छ । एकातिर स्थानीय तहले पाएका आयस्रोतहरू सीमित छन् भने अर्कातिर आफ्नो आयस्रोतको सुधार वा वृद्धि गर्नेतर्फ स्थानीय तहहरूले आवश्यक पहल गर्न सकेका छैनन् । सबै निर्वाचित प्रतिनिधिहरू अझैसम्म पनि आफ्नो अधिकारको व्यापकताबारे सचेत भइसकेका छैनन् । स्थानीय तहमा निम्न स्तरको प्रतिद्वन्द्विताको राजनीति विद्यमान छ । नीतिगत स्पष्टताको अभाव छ । अधिकांश स्थानीय तहमा प्रशासनिक, आर्थिक र न्यायिक कामहरूमा क्षमता विकास गर्ने र दक्ष हुने वा बनाउने कार्यमा कमी छ । जनप्रतिनिधिहरू मात्रै होइन, जनप्रतिनिधिहरूलाई आवश्यक सल्लाह र सुझाव दिने तथा निर्णयहरूलाई कार्यान्वयन गर्ने कर्मचारीहरूमा पनि क्षमता, अग्रसरता र पहलकदमीमा समस्या देखिएको छ । यसका लागि स्थानीय तहको नेतृत्व र परम्परागत शैलीको प्रशासनिक संयन्त्रका विचमा तालमेल हुन नसक्नु हो । परम्परागत कार्यसम्पादनमा आधारित व्यवस्थापन पद्धतिले उपलब्धि के भयो भन्दा पनि वित्तीय प्रगति कति भयो भन्ने कुरालाई बढी महत्व दिन्छ ।

पुतलीबजार नगरपालिकामा सम्पन्न गरिएको क्षमता विकास योजनावाट प्राप्त सूचना र जानकारीहरुले पनि यस नगरपालिकाको वर्तमान अवस्था माथीकै सन्दर्भसंग मेलजोल राख्दछ । संस्थागत क्षमताको अवस्थालाई तथ्याङ्कका आधारमा प्रश्तुत गर्दा सयको संख्याका सूचकहरूका आधारमा गरिएको क्षमता विकास योजना विश्लेषणका माध्यमबाट प्राप्त गरिएको परिणामलाई  यस नगरपालिकाले गरेको आन्तरिकरण प्रकृयालाई सबैभन्दा महत्त्वपूर्ण पक्षका रूपमा लिन सकिन्छ । यसका अलावा नगरपालिका मेयर उपमेयर , वार्ड अध्यक्ष, कार्यपालिकाका  सदस्यहरू सहित प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखहरूको यस प्रकृयामा रहेको अर्थपूर्ण संलग्नताले नगरपालिकाको आगामी दिनमा रूपान्तरणमा यो संस्थागत लेखाजोखा विश्लेषणको परिणाम सहायक सिद्ध हुने विश्वास गरिएकोछ ।

क्षमता विकास योजना विश्लेषणका परिणामहरूले देखाउंछन कि यस नगरपालिकाभित्र स्थानीय सरकारको प्रगति झल्किने एकीकृत सूचना प्रणालीको कमी छ ,अभिलेखीकरण र रिपोर्टिङ पद्धति कमजोर देखिन्छ । यस्ता विषयलाई विशेष प्रथमिकता दिनुपर्ने देखिन्छ । यद्धपि ,यस नगरपालिकाको नेतृत्व र कर्मचारीहरुले सेवा प्रवाहमा प्रभावकारिता ल्याउन कोशिस गरिरहेको देखिन्छ । स्थानीय नागरिकहरूले समेत नगरपालिकाको यस अभियानलाई  सहयोग गरी स्थानीय शासन प्रणालीको हिस्सा हुन प्रोत्साहित भएका देखिन्छन । तसर्थ, बुदांगत रुपमा भन्नु पर्दा निम्न निस्कर्शमा पुग्न सकिन्छः

- यो क्षमता क्षमता विकास योजना विश्लेषण अभ्यासले निर्वाचित प्रतिनिधि र कर्मचारी दुवैमा कानूनले चाहेको भूमिकामा थप प्रष्टता आएको छ ।
- निर्वाचित प्रतिनिधि र कर्मचारी लगायतका स्थानीय सरकारको कार्य सम्पादन प्रतिको गम्भिरता र प्रयास राम्रो देखिन्छ, यद्यपि उनीहरूलाई व्यक्तिगत, संगठनात्मक र संस्थागत रूपमा क्षमता विकास सम्बन्धित प्याकेजको आवश्यक छ ।
- कार्यालय भवनका साथै उपयूक्त कार्यकक्षको अभावमा पनि शाखागत सेवाहरुको प्रवाहमा जनप्रतिधि र कर्मचारी दुबै गम्भिरता पूर्वक लागेको देखिन्छ ।
- स्थानीय शासन प्रणालीलाई संस्थागत गर्न नगरपालिकामा आवश्यक कानूनहरू तर्जुमा भएका छन जसले नगरपालिकालाई स्थानीय कर लागू गर्न, विकास योजनाको तर्जुमा र कार्यान्वयन गर्न, प्रशासन प्रणालीलाई नियमन गर्न, निर्वाचित प्रतिनिधि र कर्मचारीहरू बीचको समन्वय स्थापित गर्ने लगायत अन्य कार्यहरूलाई सबल बनाएकोछ ।
- सबै वडा कार्यालयहरु संचालनमा रही तोकिएका सेवा प्रवाह भईरहेको छ तर कर्मचारीको अभावमा प्रभावकारीता कम देखिन्छ ।
- मुल्यांकन अवधिमा पत्ता लगाइएका कारणहरूले देखाउंछन कि नगरपालिकामा सेवा प्रवाहको प्रमुख चूनौति प्राविधिक पृष्ठभूमिका साथै ज्ञान र स्थानीय शासनको अनुभव सम्बन्धी मानव संसाधनको अभाव देखिन्छ।
- जनशक्तिको व्यवस्थापन सम्बन्धमा कर्मचारी समायोजनको अन्तिम निष्कर्श नभईसकेको हुँदा जनशक्ति व्यवस्थापन र परिचालनमा कठिनाई जस्को प्रभाव सेवा प्रवाहमा परेको छ ।
- आन्तरिक स्रोतको संभावना खोजी र परिचालनमा नगरपालिकामा उल्लेखनिय प्रयाशहरू हुन सकेका छैनन ।

**४ २.सुझावहरु**

- कार्यपालिका सदस्य, वडा समिति सदस्य लगायत सभाका सबै सदश्यरूले क्षमता (नेतृत्व विकाश, भूमिका तथा जिम्मेवारी सम्बन्धी) बढाउनु आवश्यक छ । जसले गर्दा उनिहरूलाई वडा तहका काम कारबाहीहरू सम्पादन गर्ने क्षमताको विकास तथा वार्डका कामहरू सञ्चालन गर्न सहज होस ।
- कम्तिमा पनि प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखहरु संग कार्य सम्पादन करार कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ ।
- ब्यक्तिगत कार्य सम्पादन मूल्यांकन सहित क्षमताको लेखाजोखा गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन (दण्ड र पुरस्कार) जरुरी देखिन्छ ।
- प्रक्रियागत रूपमा कार्यक्रमहरूको जस्तै भवन निर्माण मापदण्ड, लैंगिक उत्तरदायी बजेट, संगठनात्मक विकास, आदि सहजिकरण गरी नगरपालिकाको क्षमता बृद्धि गर्न सकिन्छ ।
- क्षमता विकासका उपायहरू उदाहरणका लागि प्रशिक्षण, साथी-सिकाई कार्यक्रमहरू, कार्यशालाहरू, भ्रमणहरू, आदि कार्यान्वयन गर्न जरूरी छ् ।
- सेवाहरुको निर्माण र विस्तारमा समन्वय तथा सहकार्यका लागि अन्य स्थानीय सरकारहरूसंग अन्तर तथा आन्तरिक सम्बन्ध तथा समन्वयको विकास गर्न जरूरी छ् ।
- नियमित निगरानी र अनुगमन संयन्त्रलाई प्रभावकारी तथा यसको क्षमता विकास गर्न आवश्यक छ जसले नगरपालिकाका काम कारवाहीहरूलाई नियमित रूपमा पृष्ठपोषण गर्ने गर्दछ । यसलेगर्दा मेयर, उपमेयर, कार्यपालिका बोर्ड, प्रमुख प्रशासकिय अधिकृत र अन्य जिम्मेवार शाखा तथा व्यक्तिलाई जानकारी प्रदान हुने गर्छ ।
- सबै वडा कार्यालयहरुलाई स्थानीय सरकारको सेवाप्रवाहकालागि क्षमतापूर्ण तहका रुपमा विकास गर्ने तर्फ लाग्नु पर्ने देखिन्छ ।

**अनुसूची विबरणहरू**

**अनुसूचि १: नगरपालिकाको क्षमता विकास सम्बन्धी लेखाजोखाको परिणाम**

| क्षमता विकासको क्षेत्र | क्षमता विकासको प्रकार | अपेक्षित क्षमता | बर्तमान क्षमता | क्षमता न्यूनता | क्षमता विकासका लागि आवश्यकताहरू |
|---|---|---|---|---|---|
| आवधिक योजना | भौतिक स्रोत स्थानीय तहको योजना | स्थानीय तहको योजना तर्जमुा दिग्दर्शन अनुरुप बनेको हुनु पर्ने | कार्यान्वयनको चरणमा | नगरपालिकाले आवधिक योजना अद्यावधिक गर्ने। | अद्यावधिक आवधिक नगर विकास योजना |
| | नीति,नियमम र कार्यविधि | योजना तर्जुमा कार्यविधि वनेको हुनु पर्ने | हाल नबनेको | | स्थानीय तहसँग सम्बन्धित कानुन निर्माण र कार्यान्वयन, अधिकार क्षेत्रबारे अभिमुखिकरण आवश्यक भएको |
| | मानवीय स्रोत | विषय विज्ञ र गणकको आवश्यकता | विषय विज्ञ र गणकको आवश्यकता | समय अभावका कारण परामर्शदाता मार्फत कार्यान्वयन गर्ने गरेको | वार्षिक रुपमा बस्तुगत विवरण र आवधिक योजना अद्यावधिक गर्नुपर्ने |
| | दक्षता | नभएको | नभएको | ज्ञान, सीप | - |
| क्षेत्रगत विकास योजना तथा नीति | भौतिक स्रोत स्थानीय तहको योजना | नगरपालिकासंग श्रोतको पर्याप्तता | | | आवश्यक बजेटको विनियोजन |
| | नीति,नियमम र कार्यविधि | नीति,नियम र कार्यविधि बनेको हुनुपने | नभएको | केहि बनिरहेको र केहि बन्ने तयारीमा | |
| | मानवीय स्रोत | पर्याप्त जनशक्ति | नभएको | सिमित जनशक्तिका कारण बनाउन कठिन | |
| | दक्षता | पर्याप्त जनशक्ति | केही क्षेत्रगत योजना तयार भइ कार्यान्वयनमा रहेका र केही तयार हुने क्रममा | ज्ञान, सीप ज्ञान, सीप | कार्यविधि,समन्वय, प्रतिवेदन आदिमा अझ बढी ज्ञान र सीप आवश्यक |
| समावेशी विकास नीति (लैङ्गिक समविकास, दलित सीमान्तकृत, जनजाति, गरिबमुखी) | भौतिक स्रोत स्थानीय तहको योजना | शाखाको स्थापना र सम्बन्धित क्षेत्रमा पर्याप्त बजेट विनियोजन | बजेट विनियोजन भइ कार्यान्वयनमा आएको | तालिम प्राप्त जनशक्तिको अभाव | लैससास परीक्षण, जेण्डर बजेट र यस सम्बन्धी नीति नियमबारे क्षमता विकास |
| | नीति,नियमम र कार्यविधि | लैससास सम्बन्धी नीति, नियम र कार्यविधि तर्जमुा भइ कार्यान्वयन | लैससास नीति र हिंसापिडित महिलाहरुका लागि राहत कोष परिचालन कार्यविधि तर्जुमा भइ कार्यान्वयन भएको | कानून तर्जुमा र कार्यान्वयन गर्नका लागि दक्ष जनशक्तिको अभाव | कानून तर्जुमा सम्बन्धी तालिम |

| क्षमता विकासको क्षेत्र | क्षमता विकासको प्रकार | अपेक्षित क्षमता | बर्तमान क्षमता | क्षमता न्यूनता | क्षमता विकासका लागि आवश्यकताहरू |
|---|---|---|---|---|---|
| | मानवीय स्रोत | पर्याप्त जनशक्ति | हाल एक जना लैससास सम्पर्क बिन्दुको रुपमा कार्यरत | | अन्तर शाखा र निकायबीच सूचना आदान प्रदान, सञ्चार, समन्वय |
| | दक्षता | लैससासको क्षेत्रमा वकालत, पैरवी र सहजीकरण गर्न सक्ने | हाललाई नभएको | तालिम अभावका कारण अपेक्षितरुपमा नभएको | समन्वय सीप, नीति–निर्देशिकाबारे अभिमुखीकरण, सफल अभ्यास क्षेत्रको भ्रमण |
| वार्षिक योजना तर्जुमा | भौतिक स्रोत स्थानीय तहको योजना | नगरपालिकासँग पर्याप्त श्रोत भएको | सात चरणको योजना तर्जमु प्रक्रिया अनुसार आंशिक रुपमा हुने गरेको | योजना तर्जुमा दिग्दर्शनको बारेमा कम जानकारी | सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई योजना तर्जुमा प्रक्रिया सम्बन्धी तालिम |
| | नीति,नियमम र कार्यविधि | सङ्घीय सरकारको योजना तर्जुमा दिग्दर्शनको आधारमा बनाउन सकिने | हाल नगरपालिकाको आफ्नो कार्यविधि तर्जुमा नभएको हुदा सङ्घको कार्यविधिको आधारमा योजना तर्जुमा हुने गरेको | कार्यविधिको पूर्ण परिपालन नभएर केही कठिनाइ उत्पन्न | कार्यविधि तर्जुमाका लागि अभिमुखीकरणको आवश्यकता |
| | मानवीय स्रोत | नगरपालिकामा पर्याप्त तालिम प्राप्त जनशक्ति हुनुपर्ने | योजना तर्जुमामा कम विज्ञता भएका | परम्परागत रुपमा योजना तर्जुमा हुने गरेको | योजना तर्जुमा प्रक्रियाको बारेमा अनिवार्य रुपमा जानकारी प्राप्त भएको |
| | दक्षता | योजना तर्जमुमा योजना अनुसार बजेट | | | सहभागितामूलक योजना तर्जुमा विधि, योजनाको प्राथमिकीकरण आदिमा तालिम चाहिने स्रोत जुटाउनका लागि केन्द्रसँगको समन्वय र पहँचु वृद्धि |
| योजना कार्यान्वयन र क्षमता | भौतिक स्रोत स्थानीय तहको योजना | कार्यविधिहरूको पूर्ण पालना | धेरै योजना तर थोरै बजेट हुने गरेको | बजेट विनियोजन कम (स्रोतको अभाव) | कार्य विधि चाहिने, अभिमुखीकरण गरी ज्ञान, सीप र सकारात्मक धारणा बनाउनु पर्ने |
| | नीति,नियमम र कार्यविधि | उपभोक्ता समितिहरूको समयमै गठन | पूर्ण पालना नभएको | अभिमुखीकरण र अनुशासनमा कमी | समुदायस्तरमा विकास निर्माण सम्बन्धी अभिमुखीकरण र जानकारी |
| | मानवीय स्रोत | योजनालाई सही ढंगले सञ्चालन गर्ने | गठनमा ढिलाइ | समावेशी उपभोक्ता समिति बनाउन कठिन | उपभोक्ता समितिलाई अभिमुखीकरण, जानकारी, स्थानीय आचार संहितामा कडाइ गर्ने |
| | दक्षता | योजना अनुसार बजेट विनियोजन | उपभोक्ता समितिहरूमा सीप र आचार संहिता पालनामा कमी | सीप र सकारात्मक मनोवृत्ति | मर्मत संभार कोष स्थापना र परिचालन |
| मर्मत संभार र व्यवस्थापन | भौतिक स्रोत स्थानीय तहको योजना | कार्यविधिहरूको पूर्ण पालना | बजेट अनुसार योजना छनोट | मर्मत संभार र व्यवस्थापनलाई चासो नदिइएको | सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई योजना तर्जुमा प्रक्रिया सम्बन्धी तालिम |

| क्षमता विकासको क्षेत्र | क्षमता विकासको प्रकार | अपेक्षित क्षमता | बर्तमान क्षमता | क्षमता न्यूनता | क्षमता विकासका लागि आवश्यकताहरू |
|---|---|---|---|---|---|
| | नीति,नियमम र कार्यविधि | उपभोक्ता समितिहरू समयमै गठन | नीति, नियम र कार्यविधि नबनेको | – | – |
| | मानवीय स्रोत | योजनालाई सही ढंगले संचालन गर्ने | – | – | – |
| | दक्षता | नगरपालिकासँग पर्याप्त श्रोत भएको | – | – | उपभोक्ता समितिलाई अभिमुखीकरण, जानकारी, स्थानीय आचार संहितामा कडाइ गर्ने |
| अनुगमन र मूल्याङ्कन प्रणाली | भौतिक स्रोत स्थानीय तहको योजना | – | – | – | – |
| | नीति,नियमम र कार्यविधि | नीति नियम, कार्यविधि पालना | अनुगमन तथा मूल्याङ्कन कार्यविधि तर्जुमा भइ आंशिक पालना भएको | शतप्रतिशत परिपालना नभएको | – |
| | मानवीय स्रोत | अनुगमन तथा सुपरीवेक्षण समिति क्रियाशिल | अनुगमन र सुपरीवेक्षण सम्बन्धी स्पष्ट जिम्मेवारी किटान भएको | अनुगमन तथा सुपरीवेक्षण समितिलाई तालिम नभएको | नतिजामूलक अनुगमनका लागि पहल गर्नुपर्ने |
| | दक्षता | – | – | अनुगमन÷मूल्याङ्कनका प्राविधिक पक्षहरूमा धेरै कर्मचारीमा ज्ञानको कमी | विभिन्न शाखाका कर्मचारी र वडा सचिवहरूलाई अनुगमन सम्बन्धी तालिम |
| समिति र उपसमितिहरूको गठन र क्रियाशीलता | भौतिक स्रोत स्थानीय तहको योजना | – | ऐन,नियम, कार्यविधि आदिमा प्रावधान भएका समिति, उपसमितिहरू बनाइएका छन्, तर तिनीहरूको नियमित, उचित र आवश्यकता अनुसार परिचालन | नियमित परिचालन, सक्रिय परिचालन | नियमित बैठक, परिचालन, स्थलगत भ्रमण, अध्ययनको व्यवस्था |
| | नीति,नियमम र कार्यविधि | नीतिहरूको पूर्ण परिचितता पूर्ण परिचालित | पूर्ण परिचय छैन, काम कर्तव्य अधिकार स्पष्ट भएको छैन । | पूर्ण परिचय छैन, काम–कर्तव्य अधिकार स्पष्ट भएको छैन । | केही नीति, कार्य विधिहरू अझै थप बन्नु जरुरी (जस्तैःयोजना सम्पन्न भएपछिको व्यवस्था), थप अभिमुखीकरण |
| | मानवीय स्रोत | – | विषयगत समितिहरुको पूर्ण र प्रभावकारी परिचालन हुन नसकेको | परिचालन, जिम्मेवारी, नियमित बैठक | केही नीति, कार्य विधिहरू अझै थप बन्नु जरुरी (जस्तैः योजना सम्पन्न भएपछिको व्यवस्था), थप अभिमुखीकरण |

| क्षमता विकासको क्षेत्र | क्षमता विकासको प्रकार | अपेक्षित क्षमता | बर्तमान क्षमता | क्षमता न्यूनता | क्षमता विकासका लागि आवश्यकताहरू |
|---|---|---|---|---|---|
| | दक्षता | साधन सम्पन्न (न्यूनतम) | — | — | — |
| कर्मचारी सङ्गठन र कार्य विभाजन | भौतिक स्रोत स्थानीय तहको योजना | कार्यविवरण तयार भई त्यस अनुरूप काम | सम्पूर्ण शाखामा कम्प्युटर, प्रिन्टर र सफ्टवेयरको व्यवस्था छ । | कतिपय कर्मचारीहरू लाई सफ्टवयर नभएको,कतिपयलाई कम्प्युटर अप्राप्त | कम्प्युटर,सफ्टवेयर , सामान्य सर्वेक्षणका सामाग्रीहरू जस्तै Total station, GPS , Abney-level |
| | नीति,नियमम र कार्यविधि | आवश्यक दरबन्दी पूरा | कार्य विवरण तयार भएको | कार्य विवरण अनुसार काम नभएको, अनुगमन कमी | कार्यविवरण पुनरावलोकन अनुगमन, मूल्याङ्कन प्रणाली |
| | मानवीय स्रोत | प्रत्येक शाखा, एकाईका कर्मचारी दक्षता | — | — | र |
| | दक्षता | सबै कोठाहरू नेटवर्कमा आबद्ध | कार्य विवरण अनुसार दक्षतामा केही कमी | दक्षता विकास | विभिन्न प्रकारका तालिमहरू चाहिने (पद,कार्य विवरण र दिइएको दायित्व अनुसार नेटवर्कमा आबद्धता, |
| आन्तरिक सन्चार | भौतिक स्रोत स्थानीय तहको योजना | नियमित बैठक, आन्तरिक सञ्चार संयन्त्र | नेटवर्कमा आबद्ध कोठाहरूको कमी | कम्प्युटर नेटवर्किङ्ग, कतिपय शाखा र वडामा टेलिफोन | शाखा र वडामा टेलिफोन सेवा |
| | नीति,नियमम र कार्यविधि | सूचना शाखामा कर्मचारीको व्यवस्था | नियमित बैठकमा केही कमी भएको | नियमित बैठक | नियमित बैठक गर्ने, प्रगति समीक्षा (आन्तरिक) गर्ने |
| | मानवीय स्रोत | दक्ष कर्मचारी र उपकरणहरू | कर्मचारीको व्यवस्था भएको तर कार्य व्यस्तताले गर्दा पर्याप्त समय दिन नसकेको | काम गर्ने सोच र प्रवृति | उत्प्रेरणा, अनुगमन |
| | दक्षता | नीतिहरूको पूर्ण परिचितता पूर्ण परिचालित | आन्तरिक सञ्चारका लागि खास अभाव नभएको | खास अभाव र कठिनाइ छैन । | — |
| पदाधिकारी तथा कर्मचारी आचारसंहिता | भौतिक स्रोत स्थानीय तहको योजना | — | — | — | — |
| | नीति,नियमम र कार्यविधि | आचारसंहिता भई लागू भएको | आचार संहिता निर्माण गर्ने तयारीमा | आचारसंहिता निर्माण र प्राथमिकतामा नपरेको | छुट्टाछुट्टै आचारसंहिता बनाई लागू गर्नु पर्ने |
| | मानवीय स्रोत | — | — | — | आपसी सहकार्य रसहमतिबाट बनाई व्यक्तिगत प्रतिबद्धता चाहिने |
| | दक्षता | — | — | आचार संहिताको अभाव | अभिमुखीकरण, प्रतिवद्धता पत्रमा हस्ताक्षर गराउनु पर्ने |
| राजश्व परिचालन | भौतिक स्रोत स्थानीय तहको योजना | उपयुक्त सफ्टवेयर सहित कम्प्युटरको व्यवस्था | सफ्टवेयर सहित कम्प्युटरको व्यवस्था | कम्प्युटर सफ्टवेयरमा समग्र राजस्व शिर्षक नभएको | राजस्व प्रक्षेपण समेत गर्ने सफ्टवेयरको व्यवस्था |

| क्षमता विकासको क्षेत्र | क्षमता विकासको प्रकार | अपेक्षित क्षमता | बर्तमान क्षमता | क्षमता न्यूनता | क्षमता विकासका लागि आवश्यकताहरू |
|---|---|---|---|---|---|
| | नीति,नियमम र कार्यविधि | राजस्व संकलन र परिचालन गर्ने स्पष्ट नीति | नीति नभएको तर राजस्व सुधार कार्य योजना निर्माण भइ सोही अनुसार | उपयुक्त नीति र कार्यविवरणको अभाव | नीति, निर्देशिका नगरपालिकाले अलग्गै बनाउनुपर्ने र हरेक वर्ष अद्यावधिक गनपर्ने |
| | मानवीय स्रोत | राजस्व इकाईमा पर्याप्त कर्मचारी | राजस्व इकाईमा कर्मचारीको व्यवस्था भएको | तालिम प्राप्त कर्मचारी नभएको | तालिम प्राप्त कर्मचारीको सही परिचालन |
| | दक्षता | तालिम प्राप्त व्यक्तिहरू | छैनन् | उचित तालिम अभाव, साथै अन्य सफल अभ्यास हेर्ने | कर्मचारीलाई तालिम र भ्रमणको व्यवस्था |
| बजेटिङ्ग तथा खर्च व्यवस्थापन | भौतिक स्रोत स्थानीय तहको योजना | – | – | – | – |
| | नीति,नियमम र कार्यविधि | नीति, नियमहरूको पूर्ण परिपालन भएको | स्पष्ट आर्थिक प्रशासन नियमावली नभएको | नियमावलीको निर्माण र अभिमुखीकरण | अभिमुखीकरण |
| | मानवीय स्रोत | – | – | – | – |
| | दक्षता | पूर्ण अभिमुखीकरण सहित बजेट तयारी र कार्यान्वयन | – | – | थप अभिमुखीकरण र अभ्यास,अनुगमन,पृष्ठपोषण |
| खरिद प्रकृया | भौतिक स्रोत स्थानीय तहको योजना | – | – | – | – |
| | नीति,नियमम र कार्यविधि | सार्वजनिक खरिद ऐन, २०६३ को पूर्ण परिपालना भएको | खरिद ऐन अनुरुप हुने गरेको र वार्षिक खरिद योजना समेत तर्जुमा भएको | कार्य सम्पन्न गर्न यथेष्ट | अनुगमन, लेखा परीक्षण पूर्ण परिपालन नभएको |
| | मानवीय स्रोत | – | – | – | – |
| | दक्षता | – | – | – | – |
| सम्पत्ति र जिन्सी व्यवस्थापन | भौतिक स्रोत स्थानीय तहको योजना | – | – | – | – |
| | नीति,नियमम र कार्यविधि | आर्थिक प्रशासन नियमावली पूर्ण परिपालन | – | – | – |
| | दक्षता | दक्ष कर्मचारीको व्यवस्था | – | – | थप तालिम र अभिमुखीकरण चाहिने |
| लेखा–परीक्षण | भौतिक स्रोत स्थानीय तहको योजना | – | – | – | – |

| क्षमता विकासको क्षेत्र | क्षमता विकासको प्रकार | अपेक्षित क्षमता | बर्तमान क्षमता | क्षमता न्यूनता | क्षमता विकासका लागि आवश्यकताहरू |
|---|---|---|---|---|---|
| | नीति,नियमम र कार्यविधि | आर्थिक नियमावलीमा उल्लेख भएबमोजिम | ले.प.मा खास समस्या नदेखिएको तर बेरुजु उठ्न बाँकी | बेरुजु उठाउने पहलमा अझै कमी | विशेष इन्सेन्टिभ र स्कीमको व्यवस्था गरी बेरुजु फछर्यौटका लागि कडाइ र तदारुकताका साथ लाग्नु पर्ने |
| प्रतिवेदन प्रणाली | | चौमासिक रुपमा आ.ले.प ÷अन्तिम लेखा परीक्षण सम्पन्न गर्ने पद्धति | भइरहेको, तर केही रिपोर्टिङ्हरू समयमै हुन कठिनाइ | अनुगमन र प्रतिबद्धताको अभाव, केही सीपको अभाव | प्रतिवेदन तयारी सीप विकास र पूर्ण अभिमुखीकरण, अनुशासनका लागि अनुगमन |
| बस्तुगत विवरण तयारी र अद्यावधिक | | तोकिएको समयसीमा बमोजिम सम्बन्धित | तयार भएको तर अद्यावधिक हुने नगरेको | | डिजिटल बस्तुगत विवरण निर्माण र अद्यावधिक सम्बन्धी तालिम |
| भू–सूचना प्रणाली | भौतिक स्रोत स्थानीय तहको योजना | निकायहरूमा आवधिक रिपोर्टिङ्ग हुनुपर्ने | भएको | | |
| | नीति,नियमम र कार्यविधि | नगरपालिकाको बस्तुगत विवरण तयार भई वार्षिक रुपमा अद्यावधिक भएको | हाल नभएको | | आवश्यक नक्सा र सूचना नगरपालिकाबाट हुन सक्ने नीति |
| | मानवीय स्रोत | एकजना GIS assistant रहनुपर्ने | नभएको | | |
| | दक्षता | आधारभूत तालिम प्राप्त व्यक्ति | | | तालिम प्राप्त व्यक्तिलाई जिम्मेवारी दिन आवश्यक |
| अभिलेख व्यवस्थापन | भौतिक स्रोत स्थानीय तहको योजना | सूचना केन्द्र, दराजहरू कम्प्युटर | | | |
| | नीति,नियमम र कार्यविधि | परिचालन कार्यविधि सहित परिचालित केन्द्र | नगरपालिकाको क्षमता अनुसारको अभिलेख व्यवस्थापन भएको | सूचना तथा अभिलेख केन्द्र नभएको | व्यवस्थित तरिकाले दर्ता र भण्डारण गर्नुपर्ने |
| | मानवीय स्रोत | एक सूचना अधिकृत र सहयोगीहरू | सूचना अधिकृत १ जना र ३ जना सहयोगी कार्यरत केही कमी छ | | कार्य विवरण अझ स्पष्ट पार्नु पर्ने र कार्य बाँडफाँड |
| | दक्षता | सूचना केन्द्र र अभिलेखको सक्षम व्यवस्थापन | कम्प्युटर प्रणाली मार्फत गर्ने गरिएको | | पुस्तकालय व्यवस्थापन, अभिमुखीकरण तालिम |

| क्षमता विकासको क्षेत्र | क्षमता विकासको प्रकार | अपेक्षित क्षमता | बर्तमान क्षमता | क्षमता न्यूनता | क्षमता विकासका लागि आवश्यकताहरू |
|---|---|---|---|---|---|
| पञ्जीकरण व्यवस्थापन | भौतिक स्रोत स्थानीय तहको योजना | उपलब्ध भएसम्म सफ्टवेयर प्रणाली मार्फत घटना दर्ता र अद्यावधिक | - | कम्प्युटर सफ्टवेयर सम्बन्धी तालिमको अभाव | कम्प्युटर सफ्टवेयर सम्बन्धी तालिम हुनुपर्ने (हरेक वडामा) |
| | नीति,नियमम र कार्यविधि | नेपाल सरकारको नीति र ऐन,नियम बमोजिम पूर्ण कार्य | कतिपय वडामा सचिव नभई एउटैले २ वटा वडा हेर्नु परेको | छैन | |
| | मानवीय स्रोत | हरेक वडामा सचिवहरू र पञ्जिकाधिकारीको जिम्मा तोकिएको हुनुपर्ने | पुरानै ढर्राको काम गर्न | | रिक्त दरबन्दी पूरा हुनु पर्ने |
| | दक्षता | पूर्ण रूपमा सक्षम व्यक्तिहरूद्वारा समयमा पञ्जीकरण | अभ्यस्त आधुनिक प्रविधि सम्बन्धी ज्ञानको अभाव | | काममा चुस्तता ल्याउन थप अभिमुखीकरण |
